CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्या. १२०५

लघुचन्द्रिका

[नेपाली भाषाको संक्षिप्त व्याकरण]

द्वितीय संस्करण

२००८

लेखक र प्रकाशक

सोमनाथ शर्मा

मूल्य । ५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
व्या. १२०६

भूमिका

व्याकरण भनेको भाषाको शुद्ध स्वरूप देखाउने ऐना हो. बोल्नामा भन्दा लेख्नामा व्याकरणको आवश्यकता छ. तर व्याकरणको विषय राम्ररी बुझ्न सजिलो छैन, कक्षा अनुसार बुझ्नै जानुपर्छ. त्यसैले पहिले जान्नुपर्ने जति विषय लिएर मध्यचन्द्रिकाको सारांश रूपले यो संक्षिप्त व्याकरण लेखिएको छ. यसमा पनि अति सामान्य कुरा प्रथम भागमा, त्यस भन्दा केही विशेष द्वितीय भागमा लेखिएका छन्. निम्न प्राथमिक शिक्षामा प्रथम भाग, उच्च प्राथमिक शिक्षामा द्वितीय भाग उपयोगी हुनेछ. यसबाट प्राथमिक शिक्षार्थीहरूलाई केही उपयोग हुनसक्यो भने परिश्रम सफल हुनेछ. यसमा केही त्रुटि देखिएको विषयमा विद्वान्हरूबाट सूचना पाउने आशा गर्दछु।

(२००८ भाद्र)

विनीत लेखक.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूची.

प्रथम भाग.

विषय.	पृष्ठ.
१ भाषा र व्याकरण.	१
२ वाक्य.	२
३ उद्देश्य र विधेय.	३
४ कर्त्ता कर्म क्रिया.	४
५ पद.	५
६ नाम.	६
७ सर्वनाम.	८
८ विशेषण.	९
९ क्रियापद.	११
१० अव्यय.	१३
११ नामको रूपभेद.	१५
१२ सर्वनामको रूपभेद.	१८
१३ विशेषणको रूपभेद.	२०
१४ क्रियापदको रूपभेद,	२१
१५ वर्ण	२४

द्वितीय भाग.

विषय.	पृष्ठ.
१ वर्णमा विशेष.	२७
२ सन्धि.	२९
३ नाममा विशेष.	३१
४ पुंलिङ्ग र स्त्रीलिङ्ग	३३
५ कारक र भेदक.	३४
६ नामको रूपावली.	३७
७ सर्वनाममा विशेष.	३९
८ सर्वनामको रूपावली.	४१
९ विशेषणमा विशेष.	४५
१० क्रियापदमा विशेष.	४८
११ क्रियापदको रूपावली,	५०
१२ विशेष काल अर्थ क्रिया.	५५
१३ वाच्य.	५९
१४ साधित शब्द.	६१
१५ अव्ययमा विशेष.	६४
१६ उद्देश्य र विधेयको विस्तार.	६६
१७ वाक्यको भेद.	६८
१८ लेख र चिह्न.	७०

ACC 89C / 418

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लघुचन्द्रिका

(नेपाली भाषाको सांक्षिप्त व्याकरण)

प्रथम भाग

१— भाषा र व्याकरण

" सूर्य उदाए. अन्धकार हरायो. सबै तिर उज्यालो छ: हामीहरू वरिपरि देख्तछौं. मानिसहरू काम गर्दछन्. चराहरू उडे. विद्यार्थीहरू पढ्दछन्. बिचाले ज्ञान बढ्छ. विद्वान्लाई सबै जना मान्दछन्. विद्या अमूल्य गहना हो. इत्यादि बोलेर वा लेखेर बुझाएको कुरालाई **भाषा** भन्दछन्.

भाषा द्वारा एउटाको मनको कुरा अर्काले बुझ्छ। हाम्रो पर्वते बोलीलाई **नेपालीभाषा** भन्दछन्. स्पष्ट शब्दबाट बनेको वाक्यबाट भाषा बन्दछ।

भाषामा यो शब्द यस्तो हो यस्तो शुद्ध हो भन्ने कुरा व्याकरणबाट बुझिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली व्याकरणबाट नेपाली-भाषा शुद्ध गरी बोल्ने लेख्ने कायदा जानिन्छ ।

प्रश्न—

भाषा भनेको के हो. हाम्रो भाषा कुन हो. भाषा केबाट बन्दछ. व्याकरणबाट के जानिन्छ. भाषाबाट के काम हुन्छ. नेपाली व्याकरण बाट के जानिन्छ ।

२—वाक्य

'म जान्छु गोपाल पढ्दछ. मेरो कलम कहाँ छ. तिमी आऊ. हामीहरू हेर्दछौं. तिम्रो पुस्तक खटियामा छ. सूर्य उदाए. मैले इनाम पाएँ. हामीहरू चिठी लेख्तछौं,,

इत्यादिबाट मनमा लागेको एकेक कुरा बोलेर वा लेखेर बुझाइन्छ ।

यस्ता एकेक पूरा कुरा बुझाउने शब्दसमूहलाई **वाक्य** भन्दछन् ।

'भाइ. बालक. सूर्य. बत्ति. मैले' इत्यादि मात्रबाट, अथवा 'पढ्छ. खेल्दछ. उदाए. बल्यो. खाएँ' इत्यादि मात्रबाट पनि पूरा कुरा केही नबुझिने हुनाले यस्ता वाक्य हुँदैनन् ।

'भाइ पढ्दछ. बालक खेल्दछ. सूर्य उदाए. बत्ति बल्यो. मैले खाएँ' इत्यादिबाट एकेक पूरा कुरा बुझिने हुनाले यस्ता वाक्य हुन्छन्. लामो छोटो कुरा अनुसार वाक्य पनि लामा छोटा हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—

वाक्य भनेको के हो. वस्तो शब्दसमूह वाक्य हुन्छ. वाक्य लामो छोटो वस्तो हुन्छ. तल लेखेकोमा कति कति वाक्य हो छुट्याऊ—छोरो त्यहाँ छ चाकर भांडा माझ्छ यो मेरो हो घाम लाग्यो म आउंछु।

२—उद्देश्य र विधेय.

वाक्यमा कसैका विषयमा केही कुरा भनेको हुन्छ जस्तै :—

'छोरो रोयो' — यहाँ छोराका विषयमा रोयो भनेको छ।

'बत्ति बल्छ' — यहाँ बत्तिका विषयमा बल्छ भनेको छ।

'चरा उड्ला' — यहाँ चराका विषयमा उड्ला भनेको छ।

जसका विषयमा केही कुरा भनेको छ त्यसलाई **उद्देश्य**, कसैका विषयमा जे कुरा भनेको छ त्यसलाई **विधेय** भन्दछन्।

वाक्यमा एउटा उद्देश्यको भाग, अर्को विधेयको भाग, यस्ता दुइ भाग हुन्छन्. जस्तैः—

उद्देश्यभाग.	विधेयभाग.	उद्देश्यभाग.	विधेयभाग.
म	जान्छु.	रामु	काव्य पढ्दछन्.
चरा	उड्यो.	मेरो पुस्तक	ठूलो दराजमा छ.
बत्ति	बल्छ.	कालो कोट	फाट्यो.

उद्देश्य मात्र वा विधेय मात्र भए कुरै पुग्दैन, वाक्य पनि हुँदैन; यसैले वाक्य हुनालाई दुवै थोक अवश्य चाहिन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—

वाक्यमा कति भाग हुन्छन्. उद्देश्य विधेय भनेका के के हुन्, उद्देश्य मात्र विधेय मात्र भएको कस्तो हुन्छ. तलका वाक्यमा उद्देश्य विधेय भाग छुट्याऊ ।

बिजुली चम्कन्छ. गोपाल घरमा गयो. अरबी घोडा ठूलो हुन्छ. भाइ पलङमा छ. यो रुख ठूलो छ. घाम लाग्यो. रामु खेल्दछ.

४—कर्ता कर्म क्रिया.

वाक्यमा केही काम भुक्याएको हुन्छ, कोही सो काम गर्ने हुन्छ ।

हुनु गर्नु सुत्नु दिनु खानु आदि कुनै कामलाई क्रिया भन्दछन् ।

हुने गर्ने सुत्ने दिने खाने आदि केही काम गर्नेलाई कर्ता भन्दछन् ।

वाक्य	क्रिया	कर्ता
चरा उड्यो	उड्यो (उड्नु)	चरा (उड्ने)
म जान्छु.	जान्छु (जानु)	म (जाने)
घोडा दौड्यो.	दौड्यो (दौड्नु)	घोडा (दौड्ने)
बत्ति बल्छ.	बल्छ (बल्नु)	बत्ति (बल्ने)
	देखा (देख्नु)	देख्यो (देख्ने)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै वाक्यमा सो काम गरिने पनि हुन्छ.

गरिने दिइने खाइने लेखिने आदि केही काम गरिनेलाई कर्म भन्दछन्.

वाक्य.	क्रिया.	कर्ता	कर्म
हामी चिठी लेख्छौं—	लेख्छौं [लेख्नु]	हामी [लेख्ने]	चिठी [लेखिने]
गाई दूध दिन्छिन्—	दिन्छिन् [दिनु]	गाई [दिने]	दूध [दिइने]
त्यो लड्डू खान्छ—	खान्छ [खानु]	त्यो [खाने]	लड्डू [खाइने]
घोंडाले दूबो खायो—	खायो [खानु]	घोडा [खाने]	दूबो [खाइने]
म लठ्ठी दिन्छु—	दिन्छु [दिनु]	म [दिने]	लठ्ठी [दिइने]

प्रश्न—

क्रिया कर्ता कर्म भनेका के के हुन्, तलका वाक्यमा कर्ता कर्म क्रिया छुट्याऊ—

दरेवा घास खाछ. शुगा उड्छ. हामीले पुस्तक पायौं. कुकुर भुक्यो. नारी रुन्छ. छोरी सुतछे म पुस्तक हेर्दछु. तिमी आऊ. भाइले चिठी पठाए. चाकर भांडा माझ्छ. बहिनी भात पकाउंछिन्. बाजाले गीत गाए. तं सुत्।

५—पद

वाक्यमा अनेक लब्ज एक ठाउंमा जम्मा भएका हुन्छन्.

एकेक अर्थ बुझाउने एकेक लब्ज [शब्द] लाई **पद** भन्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक भन्दा बढ्ता पद एक ठाउं मा जम्मा भएर वाक्य बन्दछन् जस्तैः—

पदहरू.	वाक्य.	पदहरू.	वाक्य.
म –जान्छु	= म जान्छु.	गाई–दूध–दिन्छिन्	= गाई दूध दिन्छिन्.
तिमी–आऊ	= तिमी आऊ.	तिनी–काम–गर्छन्	= तिनी काम गर्छन्.
बत्ति–बल्दछ	= बत्ति बल्दछ.	भाइले–पुस्तक लिए	= भाइले पुस्तक लिए
रामु–पढ्दछ	= रामु पढ्दछ.	तिमी–कहाँ–जान्छौ	= तिमी कहाँ जान्छौ.

वस्तैः— मानीस, घोडा, मन, ईश्वर, लोभ, काली, असल, तिमी, म, त्यो, यो, जान्छ, गऱ्यो, भन, हेर्ला, त्यहाँ, भट्ट, राम्री, संग, पनि, किन, श्यावास्, ओहो इत्यादि एकेक लवज [शब्द] पद हुन् ।

नाम. सर्वनाम, विशेषण, क्रियापद, अव्यय यी पाँचयरी पद हुन्छन् ।

प्रश्न—

पद भनेको के हो. वाक्य र पदको के फरक छ. तलका वाक्यमा कति वटि पद हुन्, छुट्याऊ.

मेरो टोपी कहांछ. आकाशबाट पानी पऱ्यो. बगैचामा फुल छ. तिम्रो लुगा रातो छ ईश्वरमा भक्ति गर. ओहो कस्तो राम्रो फुल रहेछ. गुरुको कुरा राम्ररी मन लाएर सुन.

६—नाम.

बाबु. आमा. भाइ. छोरी .गुरु. राजा. घोडा. कमिला. ईश्वर. मन. लोभ. इच्छा. दया. हिंसा. लुच्चाई. गोपाल. नेपाल. पशुपति.सूर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादि शब्द कुनै प्राणी वा अप्राणी वस्तुलाई बुझाउछन्.

यस्ता देखिने वा नदेखिने कुनै वस्तु बुझाउने पदलाई **नाम** भन्दछन्।

नाम तीन किसिमका हुन्छन्।

(१) सामान्य नाम— त्यस जातको एक अनेक सबैलाई बुझाउन सक्ने नाम— मानिस. बाहुन. चरा. बाघ. घोडा. आमा. गाई. मन. देवता. इ०

(२) विशेष नाम— त्यो नाउँ भएको एउटा लाई मात्र बुझाउने नाम—सीता. राम. नेपाल. पशुपति. सिंहदरबार. काले. सेते डिमी इ०

(३) भाववाचक नाम—कुनै वस्तुको गुण अवस्था काम आदि केही धर्म मात्र बुझाउने नाम— सुख. दुःख. लोभ. इच्छा. दया. लमाइ. चौडाइ. हिंडाइ. भनाइ. जोड. इ०

प्रश्न—

नाम भनेको के हो. नाम कति किसिमका छन्. सामान्य नाम विशेष नाम भाववाचक नाम भनेका कस्ता हुन्. तलका वाक्यमा कुन कुन नाम हुन्, तो कुन कुन किसिमका हुन्, छुट्याउ—

ईश्वरले हामी माथि दया गर्नुहुन्छ. रामचन्द्रले रावणलाई मारे. बगैचामा रातो फूल छ. कर्मी काठ काट्तछ. लोभले सुख हुँदैन. पन्छो इच्छा पुगोस् शुगा मीठो बोली बोल्दछ. लठीले न कुट.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७---सर्वनाम.

म. हामी. तँ तिमी. त्यो. ती. यो. यी. उ. उनी जो जुन. को. कुन. तपाई. त्यहाँ. यहाँ. उहाँ. आफू.

यी शब्द ठाउँ अनुसार जुन नामलाई पनि बुझाउन शक्तछन्. जस्तै:—

'गोपाल म जान्छु भन्छ'— यहाँ 'म' भनेको गोपाल. 'सेते म काम गर्छु भन्छ' यहाँ 'म' भनेको सेते. 'नानी तँ चाँडो आइज—' यहाँ 'तँ' भनेको नानी. 'गोविन्द तिमी पढ'— यहाँ 'तिमी' भनेको गोविन्द. 'जो मेहनत गर्छ त्यो पास हुन्छ' यहाँ— 'जो, त्यो' भनेको विद्यार्थी ।

यस्तै यी शब्दले मौका अनुसार जुन नामलाई पनि बुझाउन शक्तछन्. यस्ता जुन्सुकै नामको पनि सट्टामा आउने शब्दलाई सर्वनाम भन्दछन् ।

सर्वनाम पाँच किसिमका हुन्छन् ।

सर्वनाम (५) [प्रथम पुरुष— जो बोल्दछ त्यसलाई बुझाउने— 'म हामी.'
द्वितीय पुरुष— जससंग बोलिन्छ त्यसलाई बुझाउने—'तं, तिमी.'
तृतीय पुरुष— बोल्ने बोलाइने बाहेक तेस्रोलाई बुझाउने—
'त्यो, यो, उ.'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) **मानबोधक**— द्वितीय तृतीय पुरुषलाई मान गरी बुझाउने— 'तपाञ्जी, त्यहां, यहां, उहां.'

(३) **आत्मबोधक**— सबै पुरुषलाई बुझाउने--'आफू'

(४) **सम्बन्धबोधक**— अर्को वाक्यका नामहरू संग सम्बन्ध बुझाउने—'जो, जुन'

(५) **प्रश्नबोधक**— कुनै नामलाई प्रश्न गरेर बुझाउने— 'को, कुन'

प्रश्न--

सर्वनाम भनेको के हो. सर्वनामले कसलाई बुझाउंछ. सर्वनाम कति थरी छन्. पुरुषवाचक प्रश्नबोधक सम्बन्धबोधक मानबोधक आत्मबोधक भनेका कस्ता कस्ता हुन्. पुरुषवाचक कति थरी छन्. तलका वाक्यमा कुन कुन सर्वनाम कस्ता कस्ता हुन्, के केलाई बुझाउंछन् छुट्याऊ.

रामले रावणलाई म तंलाई मार्छु भने. छोरो पढ्छ, त्यो पण्डित हुनेछ. जो काम गर्दछ त्यो असल हुन्छ. नानी आफू जांदैन. गुरु तपाईं दिनुहुन्छ.

८—विशेषण

सेतो घोडा. ठूलो पुस्तक. जेठो छोरो. बांगो काठ. गरेको काम. पढेको पुस्तक. जान्ने मानिस. मूर्ख बालक. खराब केटी. राम्रो लुगा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चार रुपियाँ. दश गाउँ. पहिलो चिठी. पाँचौं छोरी. धेरै कुरा. इत्यादिमा कस्तो घोडा-सेतो, कस्तो पुस्तक—ठूलो, कति रुपियाँ—चार, कति गाउँ—दश भनी अगिल्ला शब्दले पछिल्लालाई यस्तो वा यति भनि बुझाउँछन्।

यस्ता कुनै नामको यस्तो यति भनि गुण संख्या बुझाउने शब्दलाई **विशेषण** भन्दछन्।

विशेषणले जुन नामको गुण संख्या बुझाएको छ त्यसलाई **विशेष्य** भन्दछन्. जस्तै—माथिका शब्दमा पहिलाचाहीं विशेषण, दोश्राचाहीं विशेष्य हुन्।

विशेषण दुइ किसिमका हुन्छन्—

(१) **गुणविशेषण**— यस्तो भनि केही गुण बुझाउने— कालो. चलाक. बेस. चकचके. सानो. बाठो. राम्रो. इ० जस्तैः— रातो टोपी. कालो कोट. चलाक मानिस. बेस कुरा. चकचके केटो इ०

(२) **संख्याविशेषण**— यति यतिउं भनि केही संख्या बुझाउने— एक. दुइ. तीन. दश. सय. हजार. पहिलो. दोश्रो. चारौं. दशौं. इ०

जस्तैः— एक मानिस. दुइ जना. तीन पुस्तक. पहिलो विद्यार्थी. दोश्रो घर इ०

प्रश्न—

विशेषण भनेको के हो. विशेष्य भनेको के हो. विशेषण कति थरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन्. गुणविशेषण संख्याविशेषण भनेका कस्ता हुन्. तलका वाक्यमा विशेषण विशेष्य छुट्याउ.

पहिलो विद्यार्थीले राम्रो पुस्तक पायो। पाँच गाउँमा हजार मानिस छन्। ठूलो बग्गीमा चार घोडा छन्। पढेको मानिसलाई सबै जना मान्दछन् पहेंलो फूलको मीठो वासना छ। दोश्रो पुस्तक ठूलो खटियामा छ।

६—क्रियापद

गर्दछु. भन्यो. पढ. देला. आउँछौं. देख्नेछन्. बस्तछन् हेर्छ. बनाउँछ. दियो. जाऊ. लेख्तछु. हेरौली. सुनाउँछु. बिगाच्यो. जान्छ.

इत्यादि शब्दले गर्नु भन्नु पढ्नु आदि क्रिया अर्थात् काम बुझाउँछन्।

यस्ता केही हुनु गर्नु आदि क्रिया बुझाई वाक्य पूरा गर्ने शब्दलाई क्रियापद भन्दछन्।

क्रिया कोही अकर्मक, कोही सकर्मक यस्ता दुइ थरी हुन्छन्।

क्रियामा को गर्ने भन्ने प्रश्न गर्दा उत्तर हुन आउने कर्ता हुन्छ, के गरिने भन्ने प्रश्न गर्दा उत्तर हुन आउने कर्म हुन्छ। कर्ता सबैको हुन्छ। कर्म कसैको हुन्छ, कसैको हुँदैन। कर्म न हुने अकर्मक, कर्म हुने सकर्मक हुन्छन्. जस्तै :—

वाक्य,	कर्ता,	कर्म
छोरो रोयो.	को रुने—छोरो.	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी बस्छौं.	को बस्ने—हामी.	
काम हुन्छ.	को हुने—काम.	
विद्यार्थी पाठ घोक्छ.	को घोक्ने—विद्यार्थी.	के घोकिने—पाठ
गोठालो गाई दुहुन्छ.	को दुहुने—गोठालो.	के दुहिने—दूध
मैले चिठी लेखें.	को लेख्ने—म.	के लेखिने—चिठी

सकर्मक क्रियाको भूतकालको कर्तामा 'ले' जोडिने हुन्छ, अकर्मक क्रियाको कर्तामा कहीं पनि 'ले' नजोडिने हुन्छ. जस्तै—

सकर्मक—मैले चिठी लेखें. त्यसले मलाई देख्यो. शिष्यले पाठ सुने. इ०

अकर्मक—छोरो रोयो. हामी जान्छौं, त्यो बस्यो. कुकुर मर्‍यो. चोर भाग्यो. इ०

यस्तै—गर्नु खानु देख्नु भन्नु सुन्नु दिनु जान्नु सोध्नु लेख्नु पढ्नु आदि क्रिया सकर्मक, हुनु रुनु खेल्नु बस्नु उठ्नु मर्नु बाँच्नु बहनु घट्नु बढ्नु डराउनु आदि क्रिया अकर्मक हुन्छन्.

प्रश्न—

क्रियापद भनेको के हो. सकर्मक अकर्मक भनेका कस्ता हुन्-तिनमा के फरक हुन्छ. तलका वाक्यमा कुन कुन क्रियापद हुन्, तीं सकर्मक अकर्मक कस्ता हुन्—कर्ता कर्म पनि छुट्याऊ—

हामीले कुरा सुन्यौं। गवैयाहरू गीत गाउँछन्। त्यो कहाँ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी डराउँछौं। तं त्रस्। म पाठ सोढ्छु। नानी रोला। त्यसले मलाई कुटयो। बाख्री दूध दिन्छे। को के खान्छ। कुकुर भुक्तछ। म रुपियाँ लिन्न।

१०—अव्यय.

शब्द कोही रूप चल्ने, कोही रूप नचल्ने भई सँदै एकैनास रहने हुन्छन्।

रूप चल्ने—

नाम—नानी नानीले नानीलाई नानीको, मानिस मानिसले मानिसमा. इ०

विशेषण—कालो काली काला, रातो राती राता, बूढा बूढाले बूढालाई इ०

सर्वनाम—त्यो त्यसले तिनको, म मैले हामी हरू, तं तैंले तँलाई तिमीहरू इ०

क्रिया—गर्छ गर्छन गरयो गरोस्, पढ्छ पढ्छु पढ्छौं पढ्यो. इ०

रूप नचल्ने—

राम्ररी, बेसरी, त्यसरी, चौपट्ट, पनि, र, सित, संग, तिर, ओहो, ऐया. इ०

यस्ता रूप नचल्ने सदै एकैनास रहने शब्दलाई **अव्यय** भन्दछन्. अव्यय चार किसिमका हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[१] क्रियायोगी —क्रियाको प्रकार देश काल बुझाई क्रिया संग सम्बन्ध हुने—

राम्ररी, वेसरी, चांडै, माथि, तल, यहाँ, त्यहाँ, वेहान, हिजो, आज, इ०

जस्तैः— राम्ररी गर. वेसरी कुटयो. चांडै आऊ. माथि छ. हिजो आयो. इ०

[२] नामयोगी— कुनै नाम सर्वनामहरू संग जोडिएर मात्र प्रयोग हुने—

तिर, तर्फ, पट्टि, सित, संग, बाजि, चोटि, द्वारा, सँग, नेर, इ०

जस्तैः—घर तिर, वन तर्फ, गुरु सित, म संग, वर्गचा नेर, त्यस द्वारा इ०

[३] संयोजक— समुच्चय विकल्प क्रम आदि बुझाई अनेक पद वा वाक्यलाई जोड्ने—

र, पनि, वा, कि, हुन त, तर, अनि, भने, अथवा, यद्यपि, तथापि इ०

पद— रामु र कालु. त्यो पनि यो पनि. म कि तिमी. वाकलो वा पातलो इ०

वाक्य— रामु पनि गयो, कालु पनि गयो. हुनत जानु पर्ने हो, तर जान शक्तिन. इ०

[४] विस्मयादिवोधक— आश्चर्य हर्ष शोक आदि मनको भाव बुझाउने—

ओहो, आहा, हाइ, ए, क्यावात्, छिः, श्याबास्, धत्तेरि, ऐया इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ओहो कस्तो राम्रो रहेछ. आहा वेस भयो. हाइ नकुट. ए नानी इ०

प्रश्न :—

कस्ता शब्द रूप चल्ने हुन्छन्. अव्यय भनेको के हो. अव्यय कति थरी छन्. क्रियायोगी संयोजक विस्मयादिबोधक नामयोगी भनेका कस्ता कस्ता हुन्. तलका वाक्यमा परेका अव्यय कुन कस्ता हुन्—

छि: किन रुन्छौं. तिमी सित सोधे. यो लुगा राम्रो पनि बलियो पनि छ. हे ईश्वर दया गर. जान मन छ भने तिमी जाऊ. चाडै लेख. एक बाजि देखें. त्यता के छ. आज लेख्तछु. यद्यपि वेस हो तर कठिन छ.

११—नामको रूपभेद.

नामका रूपभेद गराउने लिङ्ग वचन विभक्ति हुन्छन्

[क] लिङ्ग.

लिङ्ग तीन किसिमका छन्—

[१] पुंलिङ्ग—पुरुष जाति बुझाउने—

राजा, गुरु, बाबु, भाइ, छोरा, गोपाल, कृष्ण, घोडा, परेवा, कुकुर, इ०

(२) स्त्रीलिङ्ग— स्त्रीजाति बुझाउने—

रानी, गुरुमा, आमा, बहिनी, छोरी, राधा, सीता, परेवी, घोडी, कुकुनी. इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) नपुंसकलिङ्ग—निर्जीवजाति बुझाउने—

पुस्तक, कलम, मन, घर, लोभ, दया, इच्छा, हिंडाइ, लमाइ, खानु, दिनु इ०

(ख) वचन.

बचन दुइ किसिमका छन्.

[१] **एकवचन**—एक व्यक्ति बुझाउने—

मानिस, केटो, छोरी, कलम, पुस्तक, गोपाल, गोविन्द, राधा. इ०

[२] **अनेकवचन**— अनेक व्यक्ति बुझाउने—

मानिसहरू, केटाहरू, छोरीहरू, कलमहरू, पुस्तकहरू, घरहरू इ०

अनेकवचन पनि अनेकै बुझाउने भए **अनेकार्थी**, एक व्यक्तिलाई पनि आदर गरी बुझाउने भए **आदरार्थी**, भई दुइ किसिमको हुन्छ। आदरार्थीमा 'हरू' जोडिदैन. अनेकार्थीमा जोडे पनि नजोडे पनि हुन्छ, जोडे स्पष्ट हुन्छ ।

अनेक—मानिसहरू छन्. धेरै मानिस छन्. पुस्तक कहाँ छन्. इ०

आदर—राजाका छोरा आए . नानी जान्छिन्. गोपाल गए . राधा आइन्। इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[ग] विभक्ति.

विभक्ति आठ किसिमका छन्.

विभक्ति.	एकवचनमा हुने.	अनेकवचनमा हुने.
प्रथमा	ले	ले, हरूले.
द्वितीया	लाई	लाई, हरूलाई
तृतीया	ले	ले, हरूले,
चतुर्थी	लाई	लाई, हरूलाई
पञ्चमी	देखि, देखिन्, बाट	[हरू]देखि, देखिन्, बाट
षष्ठी	को, की, का.	[हरू]को, की, का,
सप्तमी	मा	मा, हरूमा
सम्बोधन	[ए]	[ए, ओ] हो, हरूहो.

जस्तै:—

१ मानिसले देख्यो. मानिसहरूले देखे. २ छोराहरूलाई डाक. ३ लठ्ठीले कुटयो. ४ बाहुनलाई देऊ. ५ भरेबाट खस्यो. रुखहरूदेखि झरे. ६ राजाको घोडा. गुरुको छोरी. गुरुका छोराहरू. ७. घरमा छ. दराजहरूमा छन्. ८ ए नानी, ओ नानीहरू हो.

प्रश्न—

नाममा के केले रूपभेद हुन्छ. लिङ्ग विभक्ति वचन भनेका के के हुन्, कति किसिमका हुन्छन्. आदरार्थी अनेकार्थी भनेको केहो. कस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्द कुन लिङ्ग हुन्छन्. कुन विभक्तिमा के हुन्छ. तलका नामका लिङ्ग विभक्ति वचन छुट्याऊ.

कमलको टुप्पाले हातमा घोच्यो. गोपेले रामुलाई छातामा हान्यो. सीताका पति राम हुन्. कृष्णले राधालाई बोलाए. मनको इच्छा पुगोस्. प्राणीहरूमा प्रेम गर.

१२—सर्वनामको रूपभेद.

सर्वनाममा पनि नाममा झैं रूपभेद गराउने लिङ्ग वचन विभक्ति हुन्छन्. तर त्यसले जुन नामलाई बुझाएको छ उही अनुसार हुन्छन्. जस्तै :—

गोपाल सुशील छन्, तिनको [गोपालको] बुद्धि पनि तीखो छ. बाहुनहरू आए, तिनीहरूले [बाहुनहरूले] पाठ गरे. पुस्तक दराजमा छ, त्यसमा [दराजमा] कलम पनि छ.

[क] लिङ्ग

सर्वनाममा पुरुषवाचक जति पुंलिङ्ग स्त्रीलिङ्ग दोहरा, अरु चारैं तीनै लिङ्गका हुन्छन्. सबै लिङ्गमा प्रायः एकैनासका रूप हुन्छन्. जस्तै :—

चाकर म [चाकर] गर्छु भन्छ. सीताले मलाई [सीतालाई] देऊ भनिन्. पुस्तक राम्ररी राख, त्यसको [पुस्तकको] पत्र नफाऊ.

[ख] वचन.

सर्वनाममा एकवचनमा र अनेकवचनमा घेरैमा शब्द बदलिने हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेकवचनमा आदरार्थीमा 'हरू' नलागेको, अनेकार्थीमा प्रायः 'हरू' लागेको हुन्छ. जस्तैः—

एक—म. तँ. त्यो. यो. उ. जो. को.
आदर—हामी. तिमी ती, तिनी. यी, यिनी. ऊ, ऊनी. न जुन. कुन.
अनेक-हामीहरू. तिमीहरू. तिनीहरू. यिनीहरू. उनीहरू. जुन. कुन

[ग] विभक्ति.

सर्वनाममा सम्बोधन हुँदैन, अरु विभक्ति हुन्छन्. षष्ठीमा मँ, त. शब्दमा 'हरू' नलागेमा 'रो, री, रा' आफू शब्दमा 'नो, नी, ना' हुन्छन्। अरु सबै विभक्तिका चिह्न नाममा झैं हुन्छन्।

तँ— तेरो, तेरी, तेरा, तिम्रो, तिम्री, तिम्रा, तिमीहरूको –की–का, तँले. तिमीले इ०

मँ— मेरो, मेरी, मेरा, हाम्रो, हाम्री, हाम्रा, हामीहरूको की–का, मैले, हामीले इ०

आफू— आफ्नो, आफ्नी, आफ्ना आफूहरूको–की–का, आफूले, आफूलाई इ०

त्यो—त्यो, त्यसले-लाई-को-की का-ना. तिनीहरूले-लाई-को–की का मा, इ०

प्रश्न—

सर्वनाममा रूपभेद गराउने के के हुन्छन्. तलका सर्वनामका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्ग विभक्ति वचन छुट्याऊ.

तिनीहरूले (छोराहरूले) देखे. त्यसमा (भाँडामा) के छ. कसले (मानिसले) खायो. कसलाई (चाकरलाई) बोलाऊ. ए सीता तिम्रो बानी वेस छ.

१३.—विशेषणको रूपभेद.

विशेषणमा पनि लिङ्ग वचन विभक्ति हुन्छन्. तर विशेष्य जुन लिङ्ग वचन विभक्तिको छ विशेषण पनि उही लिङ्ग वचन विभक्तिको हुन्छ.

विशेष्यमा वचन विभक्तिका 'हरू, ले, लाई' आदि चिन्ह रहन्छन्. विशेषणमा ती चिन्ह रहँदैनन्, शब्द मात्रै प्रयोग गरिन्छ. जस्तैः—

पढेको मानिलाई. रातो टोपीमा. पुराना चिठीहरू. जान्ने मानिसले. विद्वान् मानिसहरूको, ठूला कामहरू. कालो पुस्तकको. सेतो फूलमा. इ०

विशेषण शब्द ओकारान्त चाहीं पुलिङ्ग नपुंसकलिङ्गको एकवचनमा औकारान्तै रहन्छ, स्त्रीलिङ्गमा एकवचन र आदरार्थीमा ईकारान्त हुन्छ. अनेकवचनमा सबैमा आकारान्त हुन्छन्. अरु विशेषण शब्द सबै लिङ्ग वचनमा प्रायः एकैनास रहन्छन्. जस्तैः—

कालो घोडा. काली घोडी. काला घोडीहरू. बाठी केटी छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँठा केटाहरू छन्, राता टोपीहरूको, सानो टोपी, राम्रा मानिसहरू, मूर्ख केटो केटी केटाहरू, जानि माल मालहरू, वेस छोरीहरू इ०

प्रश्न—

विशेषणमा लिङ्ग वचन विभक्ति कस्तो। हुन्छ, विशेषण र विशेष्यको प्रयोगमा के फरक हुन्छ, कस्तो विशेषणमा रूप बदलिने हुन्छ, तलका विशेषणको लिङ्ग वचन विभक्ति छुट्याऊ—

जो वेस परिश्रम गर्दैन, त्यो पास हुँदैन, ठूलो बजारमा धेरै मालहरू पाइन्छन्, अगलो रुखमा को चढ्छ, असल विद्यार्थीलाई सबै जना निको गर्दछन्, पढेकी केटीलाई डाक, राम्रा राम्री छन्, छोरीहरू राम्रा छन्।

१४—क्रियापदको रूपभेद,

क्रियापदमा रूपभेद गराउने काल, अर्थ, लिङ्ग, पुरुष, वचन हुन्छन्।

[१] **काल**— क्रियाको वखत, सो तीन किसिमको हुन्छ,

[क] **वर्तमान**— सो क्रिया अहिले भएको बुझाउने— गर्दछ, खान्छ, हुन्छ, वस्तछ, उठ्छ, जान्छन्, भन्छन् इ०

[ख] **भूत**— सो क्रिया अगि भएको बुझाउने— गरयो, खायो, भयो, दियो, वस्यो, उठयो, गए, भने, दिए इ०

[ग] **भविष्यत्**— सो क्रिया पछि हुने बुझाउने— गर्नेछ, खानेछ, हुनेछ, दिनेछ, वस्नेछ, उठ्नेछ, भनेन्छन्, इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[२] **अर्थ**— क्रियाको प्रकार. सो दुइ किसिमको हुन्छ.

[क] **विध्यादि**— सो क्रियाको विधान आज्ञा प्रश्नहरू बुझाउने—

गरोस्. गर. गरूँ. खाओस्. खा. खाओ. खाऊ. भनोस्. भनूँ. इ०

[ख] **संभावना**— सो क्रियाको सम्भव (अनिश्चय) बुझाउने—

गर्ला. देला. भन्ला. खाला. होला न. जाला न. गर्ला न. इ०

[३] **लिङ्ग**— क्रियाको उद्देश्यको जाति. सो तीन किसिमको हुन्छ.

[क] **पुंलिङ्ग**—पुरुषजाति बुझाउने—

त्यो गर्दछ. छोरो खान्छ. रामुले भने. मैले दिएं. इ०

[ख] **स्त्रीलिङ्ग**— स्त्रीजाति बुझाउने—

त्यो गर्दछे. तं गर्दछेस्. बहिनी खान्छे। तिमी जान्छयौ. इ०

[ग] **नपुंसकलिङ्ग** —निर्जीवजाति बुझाउने—

काम हुन्छ. पुस्तक फाटयो. कलम छ. घर बन्यो. माल बिग्रयो. इ०

[४] **पुरुष**—क्रियाको उद्देश्यको स्वरूप. सो तीन किसिमको हुन्छ.

[क] **प्रथमपुरुष**—बोल्ने उद्देश्य बुझाउने—

म जान्छु. म गर्दछु. मैले पढें. हामी जान्छौं. मैले दिएँ. म भन्छु. इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[ख] **द्वितीयपुरुष**—बोलाइने उद्देश्य बुझाउने—

तं गर्छस्. तं खान्छस्. तिमी जान्छौ. तैंले दिइन्. तिमीले भन्यौ. इ०

[ग] **तृतीयपुरुष**—अर्कैतेस्रो उद्देश्य बुझाउने—

त्यो जान्छ. चरा उड्छ. बालकले खायो. सीताले भनिन्. इ०

[५] **वचन**—क्रियाको उद्देश्यको संख्या. सो तीन किसिमको हुन्छ.

(क) **एकवचन**— एक संख्या बुझाउने—

म जान्छु. तं भन्छस्. त्यो गर्दछ. मैले देखें. तैंले पाइस्. चरा उड्यो इ०

(ख) **आदरार्थी-अनेकवचन**—एक भए पनि आदर बुझाउने—

गोपाल जान्छन्. साथि आए. तिमी भन्दछौं. तिनीले भनिन्. इ०

[ग] **अनेकार्थी-अनेकवचन**—अनेक संख्या बुझाउने—

बालकहरू खेल्दछन्. तिनीहरू जान्छौ. हामीहरू गर्छौं. इ०

हरएक काल अर्थ लिङ्ग पुरुष वचनका भेदले घेरै थरी रूप हुन्छन्. जस्तैः—

म गर्दछु. हामी गर्दछौं. तं गर्दछस्. तं गर्दछेस्. तिमी गर्दछौं. तिमी गर्दछयौ. त्यो गर्दछ. त्यो गर्दछे. तिनीहरू गर्दछन्. तिनी गर्दछिन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै अरु काल अर्थमा पनि घेरै रूप हुन्छन्.

प्रश्न—

क्रियापदमा के केले रूपभेद हुन्छ. क्रियापदका काल अर्थ लिङ्ग पुरुष वचन भनेका के के हुन्, ती कति कति किसिमका छन्? भूत भविष्यत् वर्तमान विध्यादि सम्भावना भनेका के के हुन्. तलका क्रियापदका काल अर्थ लिङ्ग पुरुष वचनहरू छुट्याउ—

मैले कुरा गरें. बहिनी पकाउंछिन्. छोराहरू निस्के. तिनीहरू कहां गए. तिमी देख्नेछौ. भांडा छोप. स्यसले मसी पोल्यो. भाइ मान्दछन्. चोरो होओस्. तं कहां जालास्. कर्मीले काठ काट्यो. तिमी भन्दछ्यौ.

१५——वर्ण

र्+आ=रा, म्+ए=मे } रामे. घ्+अ=घ, र्+अ=र } घर ग्+अ=ग, य्+ओ=यो } गयो.

यसरी साना साना टुका शब्द मिलेर पद बन्दछन्:

यस्ता अ आ क ख इत्यादि सबै भन्दा छोटा टुका शब्दलाई **वर्ण** भन्दछन्।

वर्ण तीन किसिमका छन्—

[१] **स्वर**—अर्को वर्णको सहायता नलिईकन उच्चारण हुने ती दुइ थरी छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[क] **ह्रस्व**—छोटो उच्चारण हुने—

अ. इ. उ. ऋ. लृ.

[ख] **दीर्घ**—लामो उच्चारण हुने—

आ. ई. ऊ. ॠ. ॡ. ए. ऐ. ओ. औ.

[२] **व्यञ्जन**—स्वरको सहायता लिएर उच्चारण हुने. ती वर्ग वर्ग गरी सात थरी छन्—

[क] **कवर्ग**— क् ख् ग् घ् ङ्

[ख] **चवर्ग**— च् छ् ज् झ् ञ्

[ग] **टवर्ग**— ट् ठ् ड् ढ् ण्

[घ] **तवर्ग**— त् थ् द् ध् न्

[ङ] **पवर्ग**— प् फ् ब् भ् म्

[च] **अन्तःस्थ** य् र् ल् व्

[छ] **ऊष्म**— श् ष् स् ह् ड्

[३] **अयोगवाह**— अर्को स्वर संग मिलेर मात्र उच्चारण हुने. ती दुइ थरी छन्.

[क] **अनुस्वार**— (शिर बिन्दु) ं जस्तैः—

अं आं इं ईं इ०

[ख] **विसर्ग**— (दयास बिन्दु) ः जस्तैः—

अः आः इः ईः इ०

Acc. 696 / 418

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यञ्जनमा स्वर जोडिंदा एकै व्यञ्जन पनि धेरै थरी अक्षर बन्दछन्। व्यञ्जनमा जोडिएको स्वरलाई मात्रा भन्दछन्. मात्रा लागेका व्यञ्जनलाई बाह्राखरी अक्षर भन्दछन्.

जस्तैः—

स्वर– अ आ इ ई उ ऊ ऋ ॠ ए ऐ ओ औ अं अः

चिन्ह– ा ि ी ु ू ृ ॄ े ै ो ौ ं ः

अक्षर– क. का. कि. की. कु. कू. कृ. कॄ. के. कै. को. कौ. कं. कः

बिचमा स्वर नभई व्यञ्जन व्यञ्जन जोडिएकालाई **संयुक्त** अक्षर भन्दछन्. जस्तैः—

स्+व्+अ+=स्व. स्+त्+इ=स्ति. श्+र्+ई=श्री. इ०

प्रश्न

वर्ण भनेको के हो। वर्ण कति थरी छन्। स्वर व्यञ्जन भनेका के के हुन्, ती कति थरी छन्। अयोगवाह भनेको के हो। संयुक्त अक्षर भनेको के हो। अक्षर भनेको के हो। तलका शब्दमा कुन कुन कस्ता कस्ता वर्ण मिलेका छन्।

आऊ. ए नानी. यस्तो. त्यसलाई. सूर्य. इन्द्र. संयोग. राम. ईश्वर. प्रणाम.

शुभम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय भाग

१—वर्णमा विशेष.

स्वरको एकलै पनि पूर्ण उच्चारण हुन्छ। व्यञ्जनको उच्चारण-लाई अगिल्तिरबाट वा पछिल्तिरबाट स्वरको सहायता चाहिन्छ।

अ आ इ ई । अक् आक् क का इ०

स्वरको कहीं दीर्घ भन्दा लामो उच्चारण पनि हुन्छ, त्यस्तो स्वरलाई प्लुत भन्दछन्। त्यस्तामा '३' यस्तो चिह्न हुन्छ।

अ३ आ३ इ३ ई३ आम३ इ०

स्वरको कहीं नाकै बोलीले उच्चारण हुने हुन्छ, त्यस्तो स्वरलाई अनुनासिक भन्दछन्। त्यस्तामा ँ ं ँ यस्ता चिह्न हुन्छन् अँ आँ उँ संग यहां आउंछ।

मुखको जुन भागबाट जुन वर्ण तयार भएर निस्कन्छ सो वर्णको त्यो स्थान हुन्छ।

वर्ण.	स्थान.
अ आ क् ख् ग् घ् ङ् ह् :	को कण्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इ ई च् छ् ज् झ् ञ् य् श् को तालु.
ऋ ॠ ट् ठ् ड् ढ् ण् र् ष् ड को मूर्धा.
ऌ त् थ् द् ध् न् ल् स् को दन्त.
उ ऊ प् फ् ब् भ् म् को ओष्ठ.
ए ऐ को कण्ठ तालु
ओ औ को कण्ठ ओष्ठ
व् को दन्त ओष्ठ
ं (अनुस्वार) को नासिका
ङ् ञ् ण न् म को नासिका पनि

संयोग कहीं **मृदु** (हलुका) हुन्छ, कहीं **घन** (बलियो) हुन्छ. मृदु संयोग भएमा अगिल्लो वर्णमा जोड पर्दैन, घन संयोग भएमा पर्दछ,

मृदु— भन्यो. गरयो. फल्याक.

घन— सत्य. भन्ने. चन्द्र. पुलुक्क.

अक्षर कोही **लघु** (छोटो उच्चारण हुने), कोही **गुरु** (लामो उच्चारण हुने) हुन्छन्. लघुमा '।' यस्तो, गुरुमा 'ऽ' यस्तो चिह्न दिइन्छ. ती यस्ता हुन्छन्—

। । । ।
लघु— ह्रस्व स्वर भएको— गणपति.

गुरु— दीर्घस्वर अनुस्वार विसर्ग भएको र घनसंयोगदोख

ऽ ऽ ऽ ऽ ऽ ऽ
अगाडिको ह्रस्व— स्वस्तिश्री. सन्ध्या. रामः.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न

स्वर र व्यञ्जनको उच्चारणमा के फरक छ. प्लुत भनेको के हो. अनुनासिक कस्तो हो. स्थान भनेको के हो. कुन स्थान कुन वर्णको हो. संयोग कस्तो कस्तो हुन्छ. गुरु लघु कस्तो कस्तो हुन्छ. तलका वर्ण कस्ता छन्, तिनको स्थान कुन कुन हो—

श्रीसरस्वत्यै नमः। ए३ नानी३ यता आऊ। आहा कस्तो राम्रो।

२—सन्धि.

संस्कृतबाट आएका शब्दमा कहीं दुइ शब्द जोडिएमा वर्णहरूको यस्तो **सन्धि** (जोड) हुने हुन्छः—

(१) अ आ संग अ आ मिलेर 'आ', इ ई संग इ ई मिलेर 'ई', उ ऊ संग उ ऊ मिलेर 'ऊ' हुन्छः—

सिंह + आसन = सिंहासन. स्व + अर्थ = स्वार्थ. विद्या + अर्थी = विद्यार्थी महा + आशय = महाशय. हरि + इच्छा = हरीच्छा. लक्ष्मी + ईश्वर = लक्ष्मीश्वर. गुरु + उपदेश = गुरूपदेश. वधू + उक्ति = वधूक्ति. साधु + उदय = साधूदय.

(२) अ आ संग इ ई मिलेर 'ए', उ ऊ मिलेर 'ओ', ऋ ॠ मिलेर 'अर्', ए ऐ मिलेर ऐ, ओ औ मिलेर 'औ' हुन्छ—

गण + ईश = गणेश. सूर्य + उदय = सूर्योदय. देव + ऋषि = देवर्षि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0: In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महा + ईश्वर = महेश्वर. महा + उदय = महोदय. महा + ऋषि = महर्षि.
एक + एक = एकैक. सदा + एव = सदैव. सर्व + ओषधि = सर्वौषधि.

(३) वेगले स्वर पर भएमा इ ई को ठाउँमा 'य्' उ ऊ को ठाउँमा 'व्' हुन्छ.

यदि + अपि = यद्यपि. प्रति + एक = प्रत्येक. सु + आगत = स्वागत.
इति + आदि = इत्यादि. प्रति + उत्तर = प्रत्युत्तर. साधु + एव = साध्वेव.

(४) च् छ् संग मिलेको स् को ठाउँमा 'श्', ट् ठ् संग मिलेको स् को ठाउँमा 'ष्' हुन्छ—

निस् + चय = निश्चय. हरिस् + चन्द्र = हरिश्चन्द्र. दुस् + चरित = दुश्चरित
निस् + छल = निश्छल. तरोस् + छाया = तरोश्छाया. निस् + छत्र = निश्छत्र.

(५) श् र चवर्गसंग मिलेको तवर्गको ठाउँमा 'चवर्ग'; ष् र टवर्गसंग मिलेको तवर्गको ठाउँमा 'टवर्ग' वर्गको उतिउ चाहीं हुन्छ—

सत् + चरित्र = सच्चरित्र उत् + चारण = उच्चारण. भवत् + छत्र = भवच्छत्र.
दुष् + त = दुष्ट. उद् + डीन = उड्डीन. तद् + डमरु = तड्डमरु.

(६) न् म् अनुस्वारका ठाउँमा क. च. ट. त. प-वर्ग संग मिलेमा क्रमैले ङ्, ञ्, ण्, न्, म्, हुन्छन्—

शम् + कर = शङ्कर. घन् + टा = घण्टा. सम् + देह = सन्देह.
अन् + क = अङ्क. सम् + चय = सञ्चय. सम् + बन्ध = सम्बन्ध.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७) वर्गको प्रथम द्वितीय श ष स वाहेक अरु व्यञ्जन पर भए अघेखि परको विसर्ग र स् को ठाउँमा 'ओ' हुन्छ—

मनस्+रथ—मनोरथ. यशः+धन=यशोधन. मनस्+राज्य=मनोराज्य. अधः+मुख=अधोमुख. पयस्+दोहन=पयोदोहन. यशस्+गान=यशोगान.

(८) विसर्ग स् का ठाउँमा क ख प फ श ष स पर भए विसर्ग हुन्छ—

हरिः शरणम्. कः करोति. रामः खनति. अन्तः करणम्.
पयः पिबति. वृक्षः फलति. यशः फलम्. कः पतति.

प्रश्न

सन्धि भनेको के हो। सन्धि कस्तो कस्तो हुन्छ। तलका शब्दमा सन्धि गर्दा कस्तो हुन्छ—

अति अन्त. परम ईश्वर. भाग्य उदय. हिम आलय. अहम् कार. तलका शब्दमा सन्धि भएको फोरेर देखाउ—

अभ्युदय. विद्यालय. तथैव. यशोबल.

२—नामका विशेष.

नाम अरु दुइ किसिमका पनि हुन्छन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) **समुदायवाचक**— समूहलाई बुझाउने—

पल्टन. फौज. बथान. राश. झुप्रो. जमात. इ०

(२) **द्रव्यवाचक**— प्रकृति (मूल वस्तु) लाई बुझाउने—

सुन. चाँदी. फलाम. तेल. पानी. माटो. काठ. धातु. इ०

समुदायवाचकले घेरैवटाको समूहलाई बुझाउँछ, द्रव्यवाचकले सो वस्तुको जतिसुकै सानो भागलाई पनि बुझाउन शक्तछ।

उही एकै वस्तु बुझाउने अनेक नाम संगै आएका पनि हुन्छन्, त्यस्तामा पछिल्लामा मात्र विभक्ति वचनका चिह्न हुन्छन्, अगिल्लोचाहीं विशेषण जस्तो हुन्छ. जस्तै—

देवदत्त उपाध्यायको. रामे चाकरलाई. धैर्य गुणले. ज्योतिष विद्याको.

कहीं विशेषण जातको शब्द पनि अर्को विशेष्य नराखेमा नाम जस्तो भई विभक्ति वचनको चिह्न लाग्ने हुन्छ. जस्तै—

लाटालाई डाक. हरियोले बेस गर्छ. बाठाहरूको कुरा मीठो हुन्छ.

प्रश्न—

समुदायवाचक द्रव्यवाचक नाम कस्ता हुन्. तलका नाम कस्ता हुन् छुट्याऊ—

भेडाको बथान छ। पल्टनहरू कवाज खेल्दछन्। सुन किनें। पानी पोखियो। राजा रामको भजन गर। गुलियोले फायदा गर्दैन। व्याकरण शास्त्रले बेस गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४— पुंलिङ्ग स्त्रीलिङ्ग शब्द.

पुंलिङ्ग स्त्रीलिङ्ग शब्द तीन किसिमका हुन्छन्.

(१) कोही पुंलिङ्ग स्त्रीलिङ्ग शब्द वेगला वेगलै हुन्छन्.

पुं०— बाबु भाइ राम लोग्ने भाले राङ्गो गोरु.

स्त्री— आमा बहिनी सीता स्वास्नी पोथी भैंसी गाई. इ०

(२) कोही शब्दमा अर्को शब्द जोडेर पुं. स्त्री. छुट्टिने हुन्छन्.

पुं० लोग्ने मानिस. भाले चरा. भ्वांक मृग. वोर बनेल. जुर्रा बाज.

स्त्री० स्वास्नी मानिस. पोथी चरा. मुडुली मृग. भुनी बनेल. साही बाज.

(३) कोही पुंलिङ्ग शब्दमा 'ई, नी, इनी, एनी' प्रत्यय भएर स्त्रीलिङ्ग बन्दछन्.

ई— काका— काकी.	छोरो— छोरी.	परेवा— परेवी.
नी— नेवार— नेवार्नी.	मालिक— मालिक्नी.	नेपाल— नेपाल्नी.
इनी— भट्ट— भट्टिनी.	डिठ्ठा— डिठ्ठिनी.	काजी— कजिनी.
एनी— सुब्बा— सुब्बेनी.	वैद्य— वैद्येनी.	भोटे— भोटेनी.

कोही शब्द पुं० स्त्री० लिङ्ग नछुट्टिने पनि हुन्छन्, त्यस्तालाई सामान्य वा उभयलिङ्ग भन्दछन्. त्यस्तामा छुट्याउने विशेषण जोडे मात्र छुट्टिन्छ.

मानिस. चरा. कीरा. जनावर. दोपाया. चौपाया. देवता. माखा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—

पुंलिङ्ग स्त्रीलिङ्ग शब्द कति किसिमका कस्ता कस्ता हुन्छन्, सामान्य लिङ्ग भनेका कस्ता हुन्. तलका शब्दको लिङ्ग छुट्याऊ, अर्को लिङ्गमा कस्तो हुन्छ सो पनि बताऊ—

कमिनी. थारु. माछा, रानी. मामा. पनातिनी. भंगेरी. जुर्रा बाज. चेथी चरा. मन्ता. ढोई. भाजु. मैजु खँदाल, बोको. डुगाल्नी.

५—कारक र भेदक.

क्रियामा अन्वय हुने नाम सर्वनामलाई **कारक** भन्दछन्. तीं ६ थरी छन्.

(१) **कर्ता**—काम गर्ने. यसमा प्रथमाको 'ले' हुन्छ. सकर्मकको कर्तामा भूतकालमा 'ले' रहन्छ, अरुमा राखे पनि नराखे पनि हुन्छ. अकर्मकको कर्तामा 'ले' कहीं पनि रहँदैन. छोराले खायो. मैंले दिएं. राधाले देखिन्. विद्यार्थीहरूले पढे. छोरो सुत्यो. म उठ्छु. बहिनी रुन्छे. बालक डरायो. त्यो गयो.

(२) **कर्म**—काम गरिने. यसमा द्वितीयाको 'लाई' हुन्छ. निर्जीव कर्ममा 'लाई' रहँदैन, सजीवकर्ममा रहन्छ.

छोरालाई डाक त्यसलाई बोलाउ छु. साथीलाई देखें माल किन्दछ. चिठी लेख. पुस्तक राख्छु. कलम ल्याऊ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

[३] **करण**—कर्ताले जस द्वारा काम गर्दछ, यसमा तृतीयाको 'ले' हुन्छ, त्यो सँदै रहन्छ.

लठ्ठीले कुट्छ. लात्तीले हान्यो. मनले विचार गर. आंखाले देख्नें.

[४] **सम्प्रदान**—जसलाई दिइन्छ वा जसका निमित्त काम हुन्छ, यसमा चतुर्थीको 'लाई' हुन्छ, सो सँदै रहन्छ.

बाहुनलाई देउ. मलाई दियो. पढनालाई आएं. गहनालाई सुन ल्याऊ.

[५] **अपादान**—जसबाट छुट्टिनु डराउनु खस्नु भाग्नु हिंड्नु उठ्नु पाउनु आदि क्रिया हुन्छ, यसमा पञ्चमीका 'देखि' 'देखिन्', बाट' हुन्छन्, तीं सँदै रहन्छन्.

झ्यालबाट खस्यो. भरेडदेखि लडयो. बाघदेखिन् डराउंछ. ओछेनबाट उठ्तछ. घरबाट निस्कन्छु. गुरुबाट पाएं. गाउंबाट माग्यो. घरबाट हिंडयो.

[६] **अधिकरण**—जुन ठाउं बखत वस्तुमा क्रिया हुन्छ, यसमा सप्तमीको 'मा' हुन्छ, सो सँदै रहन्छ.

घरमा छ. सांझमा गयो. भांडामा राख. दराजमा थियो. त्यसमा छ.

क्रिया वाहेक नामहरू संग अन्वय हुने नाम सर्वनामलाई भेदक [सम्बन्धी] भन्दछन्. त्यसको जसमा अन्वय भएको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसलाई भेद्य भन्दछन्. भेदकमा षष्ठीका 'को का की, रो रा री, नो ना नी' हुन्छन्, ती सदै रहन्छन्.

भेद्य पुं० नपुंसकलिङ्ग एकवचनको भए ओकारान्त [को रो नो], स्त्रीलिङ्ग एकवचन र आदरार्थी भए ईकारान्त (की री नी), अनेक वचन भए सबैमा आकारान्त (का रा ना) भेदक हुन्छ.

भेदक.	भेद्य.	भेदक.	भेद्य.	भेदक.	भेद्य.
राजाको	घोडा.	राजाकी	छोरी	राजाका	घोडाहरू.
त्यसको	घर	त्यसकी	बहिनी	त्यसका	घरहरू
तेरो	पुस्तक	तिम्री	दिदी	तिम्रा	दिदीहरू.
हाम्रो	घर.	मेरी	स्वास्नी	हाम्रा	जहानहरू.
आफ्नो	टोपी	आफ्नी	छोरी	आफ्ना	कामहरू

प्रश्न :—

कारक भनेको के हो. कारक कति थरी छन्. कुन कारक कस्ता हुन्छन्. कुन कारकमा कुन विभक्ति हुन्छन्. भेदक भेद्य भनेका के के हुन्. भेदकमा कस्तो विभक्ति हुन्छ. तलका वाक्यमा कारक भेद्य भेदक छुट्याऊ—

मैले तिम्रो टोपी लाएं. बाघदेखि सबै डराउंछन्. राजालाई चढाउंछु. तिनको आफ्नो छोरी कहां छन्. आधा रातमा घरबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्क्यो. गोडाले टाउकामा नहान. विद्यार्थी काव्य पढ्छ. रामकी पत्नी सीता हुन्.

६— नामको रूपावली.

शब्दसंग विभक्तिको चिह्न जोडेर रूप बन्दछ. अनेकवचनमा 'हरू' जोडे पनि नजोडे पनि हुन्छ, अनेकार्थीमा जोडे स्पष्ट हुन्छ. प्रथमा द्वितीयामा कहीं विभक्तिको चिह्न हराउने पनि हुन्छ.

पुंलिङ्ग वा स्त्रीलिङ्ग मानिस शब्दका रूप—

	एकवचन.	अनेकवचन.
प्र.	मानिस, मानिसले.	मानिस (हरू), मानिस (हरू) ले.
द्वि.	मानिस. मानिसलाई.	मानिस (हरू), मानिस (हरू) लाई.
तृ.	मानिसले.	मानिसले, मानिसहरूले.
च.	मानिसलाई.	मानिसलाई. मानिसहरूलाई.
पं.	मानिसदेखि-देखिन्-बाट.	मानिस (हरू) देखि–देखिन्–बाट.
ष.	मानिसको-की-का.	मानिस (हरू) को–की–का.
स.	मानिसमा.	मानिसमा, मानिसहरूमा.
सं.	(ए) मानिस.	(ए, ओ) मानिस (हरू) हो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै गरी अरु शब्दका पनि रूप चलाउनू.
अरु शब्दमा याद गर्नुपर्ने विशेष यी छन्—

(क) नु—अन्त्यमा हुने शब्दको एकवचनमा विभक्ति वचनका चिह्न नरहेमा 'नु', एकवचनमा चिह्न रहेमा र, चिह्न रहेपनि न रहेपनि अनेकवचन सबैमा 'ना' हुन्छ.

एक—मानु मानाले, जानु जानामा, छानु छानाको इ०

अनेक—माना मानाहरू मानामा मानाहरूमा, छानाहरू इ०

[ख] ई ऊ—कारान्त शब्दको सम्बोधनमा 'हरू, हो' नरहेमा ह्रस्वान्त दीर्घान्त दोहरै, अरुमा दीर्घान्तै हुन्छ.

ई—ए नानी, ए नानि, नानीहरू, नानीहरू हो, नानीले, इ०

ऊ—ए साहू, ए साहु, ए साहूहरू, साहूहरू हो, साहूले इ०

[ग] ओकारान्त शब्द एकवचनमा चिन्ह नरहेमा ओकारान्तै, चिन्ह रहेमा ओ वा आकारान्त दोहरै, सम्बोधन द्विवचनमा र सबै अनेकवचनमा आकारान्त हुन्छ.

१—छोरो, छोरोले, छोराले, छोरा [हरू] छोरा [हरू] ले.
२—छोरोलाई, छोरालाई, छोरा [हरू] लाई.
३—छोरोले, छोराले. छोरा [हरू] ले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४—७—छोरो–रा–लाई–देखि छोरा [हरू] लाई–देखि–देखिन्.—
देखिन्–बाट–को–का–की–मा. बाट–को–की–का–मा.

८—[ए] छोरा. [ए] छोरा [हरू] हो.

प्रश्नः—

रूप चलाउंदा ई ऊ ओ नु अन्त्यमा हुने शब्दमा के के विशेष हुन्छ. तलका रूप कुन शब्दका कहां हुन्छन्—

गाउँको. खेतहरूमा. वनलाई. कलमले. ज्यापूलाई. ए ज्यापू. बोकाले. डोकामा. बहिनीलाई. ए दिदि. खानाको. कानाको. जानालाई. घरबाट.

७—सर्वनाममा विशेष.

'तपाई र यहां' शब्द द्वितीयपुरुषलाई, 'त्यहां र उहां' शब्द तृतीयपुरुषलाई मान गरेर बुझाउंछन्. यिनको प्रयोग गरेमा क्रियापद पनि मानबोधक हुन्छ.

तपाई जानुहुन्छ. यहां विद्वान् हुनुहुन्छ. त्यहांले दिनुभयो. उहांको दर्शन पाएं. ए गुरु! यहां पाल्नुहोओस्.

उही वाक्यमा नाम सर्वनाम दोहरयाउनुपरेमा त्यसको सट्टामा 'आफू' शब्दको प्रयोग हुन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामुले आफ्नो [रामुको] टोपी लाए. म आफू (मं) लेख्तछु.

तृतीयपुरुषवाचक 'त्यो, यो, उ' शब्दलाई केही वस्तु देखाउने हुनाले दर्शक पनि भन्दछन्. सम्बन्धबोधक 'जो' शब्दको प्रयोग गरेमा त्यही वस्तुलाई बुझाउने गरी अर्को वाक्यमा दर्शक सर्वनामको प्रयोग हुन्छ.

जो जाँचमा पहिला हुन्छ, त्यसले इनाम पाउंछ. जसलाई मैले अह्राएथें, उसले राम्ररी काम गरयो. जुन तिमीले दिएथ्यौ, यो हो.

को शब्दमा 'ही, ऐ' जोडेमा र जो शब्दमा 'सुकै' जोडेमा अनिश्चय बुझाउने हुन्छ.

को—कोही. केही. कसैको. कुनै ले. कसैदेखि. कुनै लाई.

जो—जोसुकै. जुनसुकै. जुनसुकैले. जससुकैलाई. जोसुकैले.

नाममा भैं सर्वनाममा पनि ठाउं अनुसार 'ही, ई, यै, ऐ' जोडेमा अवधारण (निश्चय), 'चाहीं' जोडेमा निर्धारण [पर्गेल्नु अर्थात् छुट्याउनु] अर्थ विशेष पनि हुंछन्.

अब—यही. त्यही. उही. यसैले. मेरै. तिम्रै. मैल्यै. तिनै ले. उनीकै.

निर्द्धा— योचाहीं. उसचाहींमा. तिमीचाहीं. मेरैचाहीं यसकैचाहीं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न —

मानबोधक सर्वनामले कुन कुन पलाई बुझाउँछन् आफू शब्द कस्तो ठाउँमा प्रयोग गरिछ. द र सम्बन्धबोधकको परस्परमा कस्तो सम्बन्ध छ. अनिश्चय निर्धारण अवधारण कस्तो कस्तोमा बुझिन्छ, तलका वाक्यमा परिका सर्वनामको विशेष वर्णन गर—

तिमी आफ्नो काम गर्दछौ. जोसुकै आओस्. मेरोचाहीं यही हो. सीता रामकी पत्नी हुन्. तिनी उहाँका साथ वनमा गइन्. जसले केही भन्यो उसैलाई हेर्दछ. यहाँको निगाह उहाँमा नछुटोस्

८—सर्वनामको रूपावली.

सबै लिङ्गमा एकै प्रथमपुरुषवाचक म शब्द—

	एकवचन.	अनेकवचन.
प्र.	म, मैले	हामी (हरू), हामी (हरू) ले.
द्वि.	मलाई.	हामीलाई, हामीहरूलाई.
तृ.	मैले.	हामीले, हामीहरूले.
च.	मलाई.	हामीलाई, हामीहरूलाई.
पं.	मदेखि-न्-वाट.	हामी [हरू] देखि-न्-वाट.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प. मेरो, मेरी, मेरा,	हाम्रो–म्री–म्रा, हामीहरूको–की–का.
स. ममा	हामीमा, हामीहरूमा.

सबै लिङ्गमा एकै द्वितीयपुरुषवाचक तँ शब्द—

प्र. तँ तैंले.	तिमी [हरू], तिमी [हरू] ले.
द्वि. तँलाई.	तिमीलाई, तिमीहरूलाई.
तृ. तैंले.	तिमीले, तिमीहरूले.
च. तँलाई.	तिमीलाई, तिमीहरूलाई.
पं. तँदेखि–न्–त्राट	तिमी [हरू] देखि–न्–त्राट.
ष. तेरो, तेरी, तेरा,	तिम्रो–म्री–म्रा, तिमीहरूको–की–का.
स. तँमा.	तिमीमा, तिमीहरूमा.

सबै लिङ्गमा एकै तृतीयपुरुषवाचक त्यो शब्द—

त्यो, सो, त्यसले, त्यल्ले.	तो, तिनी [हरू], तिनी [हरू] ले.
त्यो, सो, त्यसलाई, त्यल्लाई.	तो, तिनी [हरू], तिनी [हरू] लाई.
त्यसले, त्यल्ले.	तिनी [हरू] ले.
त्यसलाई, त्यल्लाई.	तिनी [हरू] लाई.
त्यसदेखि–न्–त्राट.	तिनी [हरू] देखि–न्–त्राट.
त्यसको–की–का.	तिनी [हरू] को–की–का.
त्यसमा.	तिनी [हरू] मा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै—

तृतीयपुरुषवाचक यो शब्द—

यो, यसले, यल्ले. यी, यिनी [हरू], यिनी [हरू] ले.
यो, यसलाई, यल्लाई. यी, यिनी (हरू), यिनी (हरू) लाई. इ०

तृतीयपुरुषवाचक उ शब्द—

उ, उसले, उल्ले. ऊ, उनी (हरू), उनी (हरू) ले
उ, उसलाई, उल्लाई. ऊ, उनी (हरू), उनी (हरू) लाई. इ०

मानबोधक तपाई शब्द—

तपाइँ, तपाइँले—ग्राट. तपाइँहरू, तपाइँहरूले—ग्राट.
तपाइँलाई तपाइँहरूलाई.
तपाइँले—ग्राट. तपाइँहरूले—ग्राट.
तपाइँलाई. तपाइँहरूलाई.
तपाइँदेखि—नू—ग्राट. तपाइँहरू देखि—नू—ग्राट.
तपाइँ को—की—का. तपाइँहरू को—की—का.
तपाइँमा. तपाइँहरूमा.

यस्तै—

मानबोधक त्यहाँ, यहाँ, उहाँ शब्द—

त्यहाँ, त्यहाँले,—ग्राट. त्यहाँहरू त्यहाँहरूले—ग्राट.
यहाँ, यहाँले,—ग्राट. यहाँहरू, यहाँहरूले—ग्राट.
उहाँ, उहाँले,—ग्राट. उहाँहरू, उहाँहरूले—ग्राट.

इत्यादि.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मबोधक 'आफू' शब्द—

आफू, आफूले.	आफू [हरू] आफू [हरू] ले.
आफूलाई.	आफू [हरू] लाई.
आफूले.	आफू [हरू] ले.
आफूलाई.	आफू [हरू] लाई.
आफूदेखि–न्–बाट.	आफू [हरू] देखि–न्–बाट.
आफ्नो,–नी,–ना.	आफ्नो–नी–ना, आफूहरूको-की-का
आफूमा	आफू [हरू] मा.

सबै लिङ्गमा एकै सम्बन्धबोधक 'जो' शब्द—

जो, जुन, जसले, जल्ले.	जो, जुन, जुनले.
जो, जुन, जसलाई, जल्लाई.	जो, जुन, जुनलाई.
जसले, जल्ले.	जुनले.
जसलाई, जल्लाई.	जुनलाई.
जसदेखि–न्–बाट.	जुनदेखि–न्-बाट.
जसको–की–का.	जुनको–की-का.
जसमा.	जुनमा.

नपुं० एकवचनमा हुने विशेष— जे, जेले, जेलाई-देखि-न्-बाट–को–की–क–मा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तैः—

सबै लिङ्गमा एकै प्रश्नबोधक को शब्द—

को कुन, कसले, कल्ले. को कुन, कुनले

को, कुन, कसलाई, कल्लाई. को, कुन, कुनलाई.

इत्यादि.

नपुं० एकवचनमा हुने विशेष—के, केले—लाई—देखि—न्—वाट—को—की—का—मा.

प्रश्न—

सर्वनाममा कुन कुन शब्दका रूप एक छाँटका हुन्छन्. तलका वाक्यमा परेका सर्वनामको लिङ्ग वचन विभक्ति छुटयाऊः—

तिनीहरू त्यसलाई निको गर्दछन्. बाबा! यहाँको आशीर्वादले मलाई संचो छ. राधा! तिमी कुन लिन्छौ. जे देख्छौ त्यो भन. जसले हान्यो उसले जान्यो.

६—विशेषणमा विशेष.

गुणविशेषण कोही परिमाण बुझाउने हुन्छन्.

अलिकति पानी. धेरै दूध. त्यति माटो.

संख्याविशेषण कोही क्रम बुझाउने, कोही आवृत्ति बुझाउने, कोही अनिश्चित संख्या बुझाउने पनि हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रम— पहिलो, दोस्रो, तेस्रो, चौथो, पाचौं, दशौं, शयौं. इ०

आवृत्ति— दुगुना, तिगुना, दोवर, तेवर, दोहरो, तेहरो, दुइसरो. इ०

अनि— केही, सबै, धेरै, थोरै, अलिकति, शयन्, हजारन्. इ०

कुनै सर्वनाम विशेषण पनि बन्दछन्. तिनका यस्ता स्वरूप हुन्छन्—

शब्द	एकवचनमा	अनेकवचनमा
त्यो	त्यो, सो, त्यस	ती, तिनी.
यो	यो, यस	यी, यिनी.
उ	उ, उस	ऊ, उनी.
जो	जो, जे, जुन, जस	जो, जुन.
को	को, के, कुन, कस	को, कुन.

जस्तैः— त्यस मानिसको. ती मानिसहरूले. त्यो किताबको. यो माल. यी मालहरू. उस विद्यार्थीलाई. के कुरा. कुन घर. यो केटीलाई. जस मानिसले. जुन भाँडाहरूमा. त्यो स्वास्नी.

कोही विशेषण उ बढी त्यस भन्दा अर्को बढी बुझाउने **तारतम्यबोधक** हुन्छन्. **तारतम्य** बुझाउँदा खालि विशेषणबाट पहिलो कत्ता, त्यसमा 'भन्', 'अति' आदि शब्द जोडेमा दोस्रो कत्ता, 'चौपट्ट, उपऱ्न, बिछट्ट' आदि शब्द जोडेमा तेस्रो कत्ता बुझिने हुन्छ जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम्रो, अति राम्रो, बिछट्टै राम्रो. मूर्ख, महामूर्ख, अत्यन्त मूर्ख. अध्याँरो, ज्यादै अँध्यारो, अन्धाधुन्ध अँध्यारो. वेस, झन् वेस, बहुतै वेस.

सबै थरी विशेषण प्रयोगको हिसाबले दुइ किसिमका हुन्छन्—

(१) उद्देश्यविशेषण— आफ्नो विशेष्य भन्दा पहिले रही त्यससंग सोझै सम्बन्ध हुने—

पहिलो विद्यार्थीलाई ठूलो इनाम देऊ. पंढेका मानिसलाई सबै बना ठूलो आदर गर्दछन्. राम्रो किताप ठूलो दराजमा छ.

(२) विधेयविशेषण— आफ्नो विशेष्यभन्दा पछाडि क्रियानेर रही क्रियाद्वारा विशेष्यसंग सम्बन्ध हुने—

गोपाल पहिला भए. आँप मीठो छ. लुगा सफा राख: काम सिद्ध भयो. कुरा पक्का भर. व्यथा निको भयो. कपडा रातो रङ्गाऊ.

प्रश्न :—

परिमाण क्रम आवृत्ति अनिश्चित संख्या तारतम्य बुझाउने विशेषण कस्ता कस्ता हुन्. सर्वनाम विशेषण हुंदा कस्ता हुन्छन्. उद्देश्यविशेषण विधेयविशेषण भनेका कस्ता हुन्. तलका वाक्यमा परेका विशेषण कस्ता हुन् छुट्याऊ.

ती बेरामी निको भए. अलिकति पानी पोखियो. यो फल मीठो छ. यो भन्दा उ झन् मीठो छ. उ भन्दा पनि त्योचाहीं बिछट्ट मीठो छ. यतो टोपी लायो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०—क्रियापदमा विशेष.

क्रियापदको मूल शब्दलाई **धातु** भन्दछन्. जानु खानु गर्नु वस्नु आदि क्रियामा 'नु' फट्टा गर्दा बाँकि रहेको भाग धातु हुन्छ. जस्तै;—

जानु–जा, खानु–खा, हुनु–हु, गर्नु–गर्, वस्नु–वस्, कहनु–कह. इ०

क्रिया दुइ किसिमका हुन्छन्——

[१] **करण**—गर्नु हुनु दिनु वस्नु आदि केही क्रिया हुनु वा गर्नु. गर्दछ. गरयो. देला. दिनेछ. खायो. वस्छ. उठ्छ.

[२] **अकरण**—नगर्नु नहुनु नदिनु आदि. केही क्रिया नहुनु वा नगर्नु. गर्दैन. गरेन. देओइन. दिनेछैन. खाएन. वस्तैन. उठ्तैन.

क्रियापदमा धातुमा थपिने प्रत्यय (चिह्न) यस्ता छन्—

[१] करण.

		वर्त.	भूत.	भवि.	विधि.	सम्भा
प्र.	एक–	छु.	एँ.	नेछु.	ऊँ.	उँला.
उ.	अनेक	छौं.	यौं.	नेछौं.	औं.	औंला.
प्र.	एक–	छस्[छेस्].	इस्	नेछस्.	ई.	लास्[लिस्]
उ.	अनेक	छौ [छयौ].	यौ.	नेछौ.	अ.ओ	औली.[उली]
प्र.	एक–	छ [छे].	यो[ई].	नेछ.	ओस्.	ला.ली]
उ.	अनेक	छन् [छिन्].	ए.[इन्].	नेछन्.	ऊन्.	लान्[लिन्]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[२] अकरण.

वर्ग.		भूत.	भवि.	विधि.	सम्भा.
पु.	एक- इन, न	(इन)	नेछैन		ओइन
पु.	अनेक- एनौं, नौं	(एनौं)	नेछैनौं		ओइनौं
स्त्री.	एक- एनस्, नस् (इनस्)	एनस् (इनस्)	नेछैनस्		ओइनस्
स्त्री.	अनेक- एनौ, नौ (इनौ)	एनौ (इनौ)	नेछैनौ		ओइनौ
न.	एक- एन, न (इन)	एन (इन)	नेछैन		ओइन
न.	अनेक- एनन्, इनन्न (इनन्)	इनन् (इनन्)	नेछैनन्		ओइनन्

स्त्रीलिङ्गमा कहीं द्वितीय तृतीय पुरुषको एकवचन र आदरार्थीमा मात्र पुंलिङ्गमा भन्दा फरक हुन्छ, सो कोष्टक भित्र दिएकोछ.

प्रश्नः—

धातु भनेको के हो. करण अकरण क्रिया भनेका कस्ता हुन्. करण अकरणमा हुने प्रत्यय कस्ता हुन्छन् तिनका क्रियादरूप धातु के हुन्, करण वा अकरण कस्ता क्रिया हुन् छु-याऊँ—

भन्दछु. लान्छौं. सिंदैन. पुग्नेछन्. जानेछु. जान्छ. जान्छन्. खाएन. मुन्यो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११— क्रियापदको रूपावली

अकर्मक हुनु क्रिया

करण. (१) वर्तमान. अकरण

[क]

एक.	अनेक.	एक.	अनेक.
म छु	हामी-हरू छौं.	म छैनं	हामी-हरू छैनौं.
तं छस्	तिमी-हरू छौ.	तं छैनस्	तिमी-हरू छैनौ.
त्यो छ	तिनी-हरू छन्.	त्यो छैन	तिनी-हरू छैनन्.

(ख)

एक.	अनेक.	एक.	अनेक.
म हुँ	हामी-हरू हौं, हौं.	म होइन	हामी-हरू होइनौं.
तं होस्	तिमी-हरू हौ, हौ.	तं होइनस्	तिमी-हरू होइनौ.
त्यो हो	तिनी-हरू हुन्.	त्यो होइन	तिनी-हरू होइनन्.

[ग]

एक.	अनेक.	एक.	अनेक.
म हुन्छु	हामी-हरू हुन्छौं.	हुंदिन, हुन्न	हुंदैनौं, हुन्नौं.
तँ हुन्छस्	तिमी-हरू हुन्छौ.	हुंदैनस्, हुन्नस्	हुंदैनौ, हुन्नौ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तैं	हुन्छेस्	तिमी	हुन्छयौ.	हुंदिनस्, हुन्नस्. हुंदिनौ, हुन्नौ.
त्यो	हुन्छ	तिनी–हरू	हुन्छन्.	हुंदैन, हुन्न. हुंदैनन्, हुन्नन्.
"	हुन्छे	तिनी	हुन्छिन्.	हुंदिन, हुन्न. हुंदिनन्, हुन्नन्.

[२] [क] भूत.

म	थिएं	हामी–हरू	थियौं	थिइनं थिएनौं
तं	थिइस्	तिमी–हरू	थियौ	थिइनस्. थिएनौ (इनौ)
त्यो	थियो (थिई)	तिनी–हरू	थिए (इन्)	थिएन (इन्) थिएनन् (इनन्)

[ख] भूत

म	भएं	हामी–हरू	भयौं	भइनं भएनौं
तं	भइस्	तिमी–हरू	भयौ	भइनस् भएनौ [इनौ]
यो	भयो [भई]	तिनी–हरू	भए [इन्]	भएन [इन] भएनन् (इनन्)

[३] भविष्यत्.

म	हुनेछु	हामी-हरू	हुनेछौं	हुनेछैन हुनेछैनौं
तं	हुनेछस्	तिमी-हरू	हुनेछौ	हुनेछैनस् हुनेछैनौं
त्यो	हुनेछ	तिनी-हरू	हुनेछन्	हुनेछैन हुनेछैनन्

[४] विध्यादि.

म	होऊँ	हामी-हरू	होऔं	नहोऊं नहोऔं
तँ	हो	तिमी-हरू	होओ (ऊ)	नहो नहोओ (ऊ
त्यो	होओस्	तिनी-हरू	होऊन्	नहोओस् नहोऊन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[५] सम्भावना.

म होउँला	हामी-हरू होऔंला	होऔंइनँ	होऔंइनौं
तं होलास् (लिस्)	तिमी-हरू होऔंला (लौ)	होऔंइनस्	होऔंइनौ
त्यो होला (लौ)	तिनी-हरू होलान् (लिन्)	होऔंइन	होऔंइनन्

सकर्मक गनु क्रिया

[१] वर्तमान.

म गर्छु गर्दछु	हामी-हरू गर्छौं	गर्दिनँ गर्दनौं	
तं गर्छस् गर्दछस् (छेस्)	तिमी-हरू गर्छौ गर्दछौ (छ्यौ)	गर्दैनस् (दिनस्) गर्दैनौ (दिनौ)	
त्यो गर्छ गर्दछ (छे)	तिनी-हरू गर्छन् गर्दछन् (छिन्)	गर्दैनन् (दिनन्)	

[२] भूत.

मैले गरँ	हामी [हरू] ले गरयौं	गरिनँ	गरेनौं
तैले गरिस्	हामी [हरू] ले गरयौं	गरिनस्	गरेनौ [रिनौ]
त्यसले गरयो [री]	तिनी [हरू] ले गरे [रिन्]	गरेन [रिन]	गरेनन् [रिनन्]

[३] भविष्यत्.

म गर्नेछु	हामी-हरू गर्नेछौं	गर्नेछैनँ	गर्नेछैनौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तं गर्नेछस्	तिमी—हरू गर्नेछौ	गर्नेछैनस्	गर्नेछैनौ
त्यो गर्नेछ	तिनी—हरू गर्नेछन्	गर्नेछैन	गर्नेछैनन्

[४] विध्यादि.

म गरूं	हामी—हरू गरौं	नगरूं	नगरौं
तं गर्	तिमी—हरू गर	नगर्	नगर
त्यो गरोस्	तिनी—हरू गरून्	नगरोस्	नगरून्

[५] सम्भावना.

म गरुंला	हामी—हरू गरौंला	गरोइन	गरोइनौं
तं गर्लास् (लिस्)	तिमी—हरू गरौला (ली)	गरोइनस्	गरोइनौ
त्यो गर्ला (लीं)	तिनी—हरू गर्लान् (लिन्)	गरोइन	गरोइनन्

अरु क्रियाको रूप चलाउंदा याद गर्नुपर्ने विशेष—

[१] वर्तमान कृदन्तमा 'आउ' अन्त्यमा हुने वाहेक अजन्त-धातुको हुनु क्रियाको [ग]मै विचमा 'न' थपेर, हलन्त-धातुको वर्ग को तृतीय चतुर्थ पञ्चम य र ल व अन्तिमा हुने र आउ अन्त्यमा हुनेको गर्नु क्रियाको मै विचमा 'द' विकल्पले थपेर, वर्गका प्रथम द्वितीय श ष स अन्त्यमा हुनेको विचमा द को ठाउंमा 'त' विकल्पले थपेर, अकारणमा अजन्तधातुको हुनु क्रियाको मै, हलन्तधातुको कारणमा द हुनेमा द, त हुनेमा द को ठाउंमा 'त' हालेर गर्नु-क्रियाको मै रूप चलाउनुपर्दछ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोज्–रोज्छु रोज्दछु रोज्दिन. पढ–पढ्छु पढ्दछु पढ्दिन.
भन्–भन्छु भन्दछु भन्दिन. हेर्–हेर्छु हेर्दछु हेर्दिन.
शक्–शक्छु शक्तछु शक्तिन. लेख्–लेख्छु लेख्तछु लेख्तिन.
वस्–वस्छु वस्तछु वस्तिन. कह–कहन्छु कहंदिन कहन्न.
खा–खाछु खादिन खान्न. आउ–आउंछु आउंदछु आउंदिन आउन्न. इ०

(२) भूत विधि सम्भावनामा करण अकरण दुवै थरीमा अकारान्त र ठुहु आदि केही अजन्त र सबै हलन्त धातुको गर्नु क्रियाको भैं, अरु अजन्तधातुको हुनु क्रियाको भैं, भविष्यत्मा सबैमा हुनु गर्नु क्रियाको भैं रूप चलाउनुपर्छ.

कह—कहें कह्यौं कहेनौं, कहूं कहौं, नकहूं नकहौं, कहुंला कहौंला कहोइन कहोइनौं, कहनेछु कहनेछैन. ठुहु—ठुहें ठुहिनं ठुहूं नठुहूं ठुहुंला ठुहोइनं ठुहुनेछु ठुहुनेछैनं. बस—बसें बसिनं बसूं नबसूं बसुंला बसोइनं. बस्नेछु बस्नेछैनं. खा—खाए खायौं खाइनं खाएनौं खाऊं नखाऊं खाउंला खाओइन खानेछु खानेछैन. इ०

कहीं कहीं केही विशेष पनि हुन्छ, सो पछि बुझिनेछ.

प्रश्न—

वर्तमानमा अजन्त हलन्त धातुमा के फरक हुन्छ. भूत विधि सम्भावनाहरूमा कहां कस्तो विशेष हुन्छ. तलका क्रियापद कुन कुन धातुका के के का रूप हुन् बताऊ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो रोग्रोहन. तिनी कुट्तिनन्. म लिनेछु. हामी दुहुनेछौं. त्यो शक्तिन् हामीले देख्यौं, त्यसले भनेन. तिनीले पोखिनन्. तं सुन्दछस्. तैंले खाइस्. तिमी दिन्छयौ. को देला. तं सुन्. तिमी हेर. हामीहरू जाऔंला.

१२—विशेष काल अर्थ क्रियाहरू.

अगि लेखिएका काल अर्थ सामान्य हुन्. सो बाहेक अरु किसिमका विशेष काल अर्थ पनि क्रियापदमा हुन्छन्:—

[१] **अपूर्णवर्तमान**—म गर्दोछु. हामी लेख्तैछौं. त्यो भन्दोछ. इ०

[२] **पूर्णवर्तमान**—म बसेको छु. हामीले देखेका छौं. मैले गरेकोछु. इ०

[३] **अपूर्ण भूत**—म बस्तथें. हामी गर्दथ्यौं, गर्थ्यौं. ती लेख्तै थिए. इ०

[४] **पूर्ण भूत**—म गएथें. हामी बसेथ्यौं. इ०

[५] **अज्ञात भूत**—म बसेंछु. हामी बसेछौं. मैले गरेछु. त्यसले देखेछ. इ०

[६] **अपूर्ण सम्भावनार्थ**—त्यो गर्दै होला. म पढ्दै हुंला इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[७] पूर्णसम्भावनार्थ— मैले गरे हुँला. हालीले देखे होला. इ०

[८] सङ्केतार्थ— गरे देखि. गर्दै आएदेखि. गएको भए भरतो हुँ, इ०

कोही क्रिया प्रेरणा बुझाउने हुन्छन्, ती तीन थरी हुन्छन्:

(१) कोही मूलक्रिया र प्रेरणाक्रिया बेगलै धातुका हुन्छन्.

जान्छ—पठाउँछ. तर्छ—तार्छ. सम्छ—सार्छ.

मर्छ—मार्छ. दल्छ—दाल्छ. बिग्रन्छ—बिगार्छ. इ०

(२) कोही मूलक्रियाको धातुमा ठाउँ हेरी 'आउ, याउ, लाउ, वाउ' आदि थपेमा प्रेरणा बुझाउने हुन्छन्.

गर्छ—गराउँछ. दिन्छ—दिलाउँछ. उभिन्छ—उभ्याउँछ.

सुन्छ—सुनाउँछ. पिउँछ—पियाउँछ. रुन्छ—रुवाउँछ. इ०

(३) कोही लाउनु क्रिया जोडेमा प्रेरणा बुझाउने हुन्छन्.

गर्छ—गर्न लाउँछ. दिन्छ—दिनलाउँछ. सुन्छ—सुनलाउँछ इ०

कोही नाम विशेषण अव्ययमा 'आउ, इ' थपिदा क्रिया बनाउने नामधातु बनेर पनि क्रियापद बन्दछन्, जस्तै:—

रोग—रोगाउँछ. घिन—घिनाउँछ. लाज—लजाउँछ,

आमिलो—आमिलिन्छ. दोबर—दोबरिन्छ. सिह्र—सिह्रिन्छ. इ०

कोही अनेक क्रिया जोडिएका संयुक्तक्रिया पनि हुन्छन्. ती यस्ता छन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[१] **मानबोधक** [मान बुझाउने]—हुनु बक्सनु क्रिया जोडिएका —

गर्नु हुन्छ. जानुभयो. गरिबक्सिन्छ. भइबक्सियो. इ०

[२] **आवश्यकताबोधक** [आवश्यकत्व बुझाउने]- पर्नु क्रिया जोडिएका —

गर्नु पर्छ. जानुपर्छ. दिनुपरयो. खानुपर्ला. भन्नुपर्छ. इ०

[३] **शीघ्रताबोधक** [चांडोपना बुझाउने]- हाल्नु क्रिया जोडिएका —

गरिहाल्छ. खाइहाल्यो. दिइहाल्नेछ. भनिहाल. इ०

[४] **परार्थताबोधक** [अरुको निम्ति बुझाउने]- दिनु क्रिया जोडिएका —

भनिदिन्छु. भन्दिन्छु. गरिदिउंला, गर्दिउंला. गइदियो. इ०

[५] **सातत्यबोधक** [नैरन्तर्य बुझाउने]- रहनु क्रिया जोडिएका —

गरिरहन्छु. पढिरहन्छु. लेखिरहनेछ. भनिरहोस्. इ०

[६] **इच्छाबोधक** (इच्छा बुझाउने)- चाहनु खोज्नु क्रिया जोडिएका—

गर्न चाहन्छु. भन्न खोज्यो. दिन खोज्छ. सुन्न चाहन्छु इ० यस्तै अरु थरी पनि हुन्छन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दैथियो, गर्दथ्यो, गर्थ्यो, हुतेथियो, हुन्थ्यो, भनेथें, वसेछ, भनेकोछु, वस्नेहुं, गर्दोहुं इत्यादि विशेष काल अर्थ बुझाउने क्रिया पनि संयुक्तक्रिया हुन् ।

हुनु जोडिएको मानबोधक र पनुं जोडिएको आवश्यकता-बोधकको सबै काल अर्थमा जस्तोसुकै कर्त्ता भए पनि तृतीयपुरुष नपुंसकलिङ्ग एकवचनको रूप मात्र हुन्छ, वक्सनु जोडिएको मान-बोधकको सबै काल अर्थमा प्रथमपुरुषमा अनेकवचनको, द्वितीय तृतीयपुरुषमा तृतीयपुरुष एकवचनको रूप मात्र हुन्छ. अरु संयु-क्तमा सबै थरी रूप हुन्छन्. जस्तैः—

बाबा आमा तपांइ यहांहरू—जानुहुन्छ, वस्नुभयो. खानुहोला. इ०

मैले तिमीले तिनीहरूले उसले—गर्नुपर्छ, दिनुपरयो, लिनु-पर्ला इ०

हामीभाट गरिवक्सन्छौं, यहांहरूभाट गरिवक्सियो, गरि-वक्सिनेछ. इ०

तिनीहरूले गरिहाल्नेछन्. त्यसले गरिदिई तं लेखिरहन्छेस्. इ०

प्रश्नः—

विशेष काल अर्थ कुन कुन हुन. प्रेरणा बुझाउने क्रिया कस्ता हुन्छन्. नामधातु कस्ता हुन्छन्. संयुक्तक्रिया कस्ता कस्ता हुन्छन्. संयुक्तमा रूप कस्ता हुन्छन् तलका वाक्यमा परेका क्रियापदको विशेष बताऊ—

भाइ पुराण सुनाउंछन्. मैले देखेथें. यति खाइहाल. तबाइं जानु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ यहां हेर्नुहोला. चिठी पठाउनुहुंदैन. यति लेखिवक्सिञ्जोस्. त्यसलें काम गर्नलायो. म जानखोज्छु. आमाले. पकाउंनुभयो.

१३—वाच्य

क्रियापदमा तीन किसिमका वाच्य हुन्छन्.

[१] **कर्तृवाच्य**—कर्ता मुख्य भई बुझिने.

[२] **कर्मवाच्य**—कर्म मुख्य भई बुझिने.

[३] **भाववाच्य**—क्रिया मात्र मुख्य भई बुझिने.

[१] कर्तृवाच्य

कर्तृवाच्यमा कर्ता मुख्य उद्देश्य भई प्रथमान्त हुन्छ. यसमा अगि लेखे बमोजीम कर्ता जुन लिङ्ग पुरुष वचनको छ उस्तै लिङ्ग पुरुष वचन भएको क्रियापद हुन्छ. कर्म भए द्वितीयान्त हुन्छ. जस्तैः—

म जान्छु. तं जान्छेस्. राधाले बोलाइन्. तिर्नीहरू भन्दैनन् तिमी जाऊ इ०

[२] कर्मवाच्य.

कर्मवाच्यमा कर्म मुख्य उद्देश्य भई प्रथमान्त हुन्छ. यसमा सकर्मक मूल धातुमा 'इ' थपिई क्रियापद बन्दछन्. कर्म जुन लिङ्ग पुरुष वचनको छ उस्तै लिङ्ग पुरुष वचन भएको क्रियापद हुन्छ. कर्तामा तृतीयाको 'ले' हुन्छ. जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म देखिन्छु	हामी--हरू देखिन्छौं
तं देखिन्छस् [न्छेस्]	तिमी--हरू देखिन्छौ [न्छ्यौ]
त्यो देखिन्छ [न्छे]	तिनी--हरू देखिन्छन् [न्छिन्]

मैले काम गरियो, तिमीले लठ्ठीहरू मांचिए, हामीले त्यो डाकि-मेछ. इ०

यस्तै सबै काल अर्थमा अरु क्रियामा पनि कर्म अनुसार रूप चलाउनुपर्दछ.

[६] भाववाच्य.

भाववाच्यमा क्रिया मात्र मुख्य भई वुझिन्छ. यसमा अकर्मक मूलधातुमा 'इ' यपिई क्रियापद वन्दछन्. कर्ता वुझ्नुकै लिङ्ग पुरुष वचनको भए पनि क्रियापद तृतीयपुरुष नपुंसकलिङ्ग एकवचनको रूप मात्र हुन्छ. कर्तामा तृतीयाको 'ले' हुन्छ. कर्म हुंदैन. जस्तैः---

मैले हामीले तैंले तिमीले स्यसले तिनीहरूले--सुतिन्छ, सुतियो, वसिनेछ, डराइएला, भइन्छ, भइदैन, नसुतिओस्, उठिएन. इ०

अकर्मकमा कर्तृवाच्य र भाववाच्य, सकर्मकमा कर्तृवाच्य र कर्म-वाच्य यस्ता दुइ दुइ थरी वाच्य हुन्छन्. कर्मवाच्य र भाववाच्यको प्रयोग व्यवहारमा उस्तो हुंदैन, भए पनि कर्ता नराखेर भरिन्छ.

प्रश्नः—

वाच्य कति किसिमका हुन्छन्. कर्तृवाच्य कर्मवाच्य भाववाच्यमा कस्तो कस्तो हुन्छ. तल का वाक्यका क्रियापदको वाच्य छुट्याऊ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज कता जाइन्छ, के गरिन्छ, मालहरू कहां पुरयाइए. चार चिठी पठाइए, एकको पनि पहुंच पाइएन. तिमीहरू जिल्लियौ? यो धेरै डाकिन्छ. वेसरी सुतियो त्यो मेटियो.

१४--साधित शब्द.

एक शब्दबाट बनेको अर्को शब्दलाई **साधित** भन्दछन्. ती तीन प्रकारी छन्—

(१) **कृदन्त**—धातुबाट बनेका वाक्य पूर्ण नगर्ने क्रिया बुझाउने.

(२) **तद्धितान्त**—नाम विशेषण सर्वनामबाट बनेका.

(३) **समस्त**--अनेक पदको समास भएर एक पद भएका.

साधितशब्द कोही नाम, कोही विशेषण, कोही अव्यय हुन्छन्.

(१) कृदन्त.

धातु. नाम (नु आइ)	विशेषण (एको नेतो दो)	अव्यय (ईएर न)
जा — जानु	गएको, जाने, जांदो.	गई, गएर, जान.
लेख् — लेख्नु, लेखाइ	लेखेको, लेख्ने, लेख्तो.	लेखी, लेखेर, लेख्न.
पढ् — पढ्नु, पढाइ	पढेको, पढने, पढ्दो.	पढी, पढेर, पढ्न.
खा — खानु, खवाइ,	खाएको, खाने, खांदो.	खाई, खाएर, खान.
हु — हुनु	भएको, हुने, हुंदो.	भई, भएर, हुन.
गर्— गर्नु, गराइ,	गरेको, गर्ने, गर्दो.	गरी, गरेर, गर्न.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तैः—यसको लेखाइ राम्रो छ. पढेको मानिसलाई सबै मान्दछन्; पुस्तक लिएर पढ्न जान्छ. बल्दो आगो नकुल्च. जान्ने मानिस काम गर्न अगि सर्दछ. पढ्नाले ज्ञान बढ्दछ; यो लेखी ल्याऊ, कुरा गरी साध्य छैन.

(२) तद्धितान्त

नाम विशेषणबाट बनेका—

भाव
- ई–अमीर–अमीरी, चाकर–चाकरी, नोकर–नोकरी.
- आइ–गोल–गोलाइ, ऊंचा–ऊंचाइ, लामो–लमाइ.
- यांइ–दुष्ट–दुष्टयांइ, लुच्चो–लुच्च्याँइ, मूर्ख–मूर्ख्याँइ.
- पना–मूर्ख–मूर्खपना, दुष्ट–दुष्टपना, उल्लू–उल्लूपना.

विशेषण
- ई–गुन–गुनी, खुन–खुनी, बैगुन–बैगुनी, इलम–इलमी.
- इलो–रस–रसिलो, जांगर–जांगरिलो, नून–नूनिलो,
- ए–डोको–डोके, दाउरा–दाउरे, पर्वत–पर्वते.
- ली–गोरखा–गोरखाली, पाल्पा–पाल्पाली, टोखा–टोखाली.
- ले–गाउं–गाउंले, ठिमि–ठिमिले, साँखु–साँखुले.

सर्वनामबाट बनेका—

विशेषण.	अव्यय.
त्यो— त्यस्तो, त्यत्रो, त्यति.	त्यहां, त्यता, त्यसरी, त्यसो, त्यहिले.
यो— यस्तो, यत्रो, यति.	यहां, यता, यसरी, यसो, अहिले.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ— उस्तो, उत्रो, उति. उहां, उता, उसरी, उसो, उहिले.
जो— जस्तो, जत्रो, जति. जहां, जता, जसरी, जसो, जहिले.
को— कस्तो, कत्रो, कति. कहां, कता, कसरी, कसो, कहिले.

(३) समस्त.

तत्पुरुष— राजाको काज–राजकाज. रातमा अन्धो–रतन्धो. लाखको पति–लखपति. खराप काम–नकाम. घरदेखि फुट्टा घरफुट्टा.

कर्मधारय— कालो माटो—कालीमाटी, ठुल्ली नानी–ठुल्नानी. साना दाइ–सान्दाइ. देखेको सुनेको-देखेसुनेको. गहुँ भैं गोरो–गहुँगोरो.

द्विगु—दुइ बाटो–दोबाटो. चार मास–चौमासा. दुइ मन–दोमन.

द्वन्द्व— लिनु दिनु–लिनदिन. नाति नातिनी–नातिनातिना. मानु पाथि–मानापाथि.

बहुव्रीहि—तीन मुख भएको–तीनमुखे. दुइ पाउ भएको–दोपाया. तीन हात भएको त्रिहत्ती. लामो कान भएको–लमकन्ना.

अव्ययीभाव—थिति नहुनु–बेथिति. दिन भए संम–दिनभर. गरेको भैं—गरेझैं. अगिल्लो—तिर—अगिल्तिर. प्रत्येक सालमा—हरसाल.

प्रश्न—

साधित शब्द भनेको के हो. कृदन्त तद्धितान्त समस्त भनेका के के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्. कुन साधित कति किसिमका हुन्छन्. तलका वाक्यमा परेका साधित शब्द छुटयाऊ—

दोसाधको भोटे तीनतिर्घे छ. यस्तो काम गर्ने मानिसको मूल्याइँ भल्कन्छ. स्यस्तो भनाइले कति कम हुन्छ. देखेसुनेका कुरा यति हुन्. अरधन्दा गर्न मन लाग्छ. नेपालीको शूरयांइ देखेर सबै खुसी छन्.

१५— अव्ययमा विशेष.

[१] क्रियायोगी.

क्रियायोगी अव्यय हुइ थरी हुन्छन्.

[१] **क्रियाविशेषण**— यसरी भन्ने केही प्रकार बुझाई क्रियालाई विशेष गर्ने—

राम्ररी राख. बेसरी कुटयो. चाडै हिंड. एक वारि भन. सरासर जा.

[२] **क्रियान्वयी**— क्रियाको देश कालहरू बुझाई क्रियामा अन्वय हुने—

त्यहां राख. माथि गयो. हिजो आए. पर पुग्छ. व्यर्थै भनें, तल छ.

अर्को क्रिया बुझाई मुख्य क्रियामा जोडिने कृदन्त अव्यय पनि क्रियायोगी हुन्. 'ई, एर' भएमा पूर्वक्रिया, 'न' भएमा फलक्रिया बुझिन्छ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्व— खाएर निस्क्यो. पढी पण्डित भए. पुराण सुनाएर गए.

फल— खान आयो. किन्न जान्छु. भांडा माझ्न अगि सरयो.

[२] नामयोगी.

नाम सर्वनामहरू संग नामयोगी अव्यय जोडिएमा विभक्तिको जस्तो काम दिने हुन्छन्.

द्वितीयामा— सित, संग गुरुसित, गुरुसंग [गुरुलाई] सोध.

तृतीयामा— द्वारा चिठीद्वारा [चिठीले] कुरा भयो.

चतुर्थीमा— निम्ति, निमित्त यस निम्ति-निमित्त [यसलाई] त्यो आयो.

पञ्चमीमा— सित, संग. यिनीसित, यिनीसंग [यिनीबाट] पाउ दछु.

सप्तमीमा— विषे, माथि, यसविषे, यसमाथि [यसमा] प्रेम गर.

यस्तै विभक्तिको भन्दा कहीं केही विशेष अर्थ बुझाउने तिर, तर्फ, पट्टि बिना, बाहेक, भन्दा, हुंदि, हुंदो, नेर, संग, मध्ये इत्यादि पनि नामयोगी हुन्.

घरतिर. सहरनेर. वनसंग. त्यसमध्ये. त्योभन्दा. सहर पट्टि. त्योबिना.

[३] संयोजक.

संयोजक अव्यय दुइ थरी हुन्छन्.

[१] **सापेक्षयोजक**— एउटा वाक्यलाई अर्को वाक्य नभई नहुने यस्ता अनेक वाक्यलाई जोड्ने. भनि, भन्ने, कि, भने, इ०

त्यसले म जान्छु भनि भन्यो. भोलि छुट्टी हुंदैन भन्ने कुरा भयो. मैले सुनें कि त्यो पढ्दैन. त्यसले बोलायो र म आएं. तिमी जान्छौ भने जाऊ. हुनत जानुपर्ने हो तर फुर्सत छैन.

(२) निरपेक्षयोजक—एउटाले अर्कालाइ न खोज्ने यस्ता अनेक वाक्य अथवा अनेक पदलाई जोड्ने. 'पनि, कि, वा, र, तसर्थ'. इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्य–गोपाल पनि गए, गोविन्द पनि गए. यो लिन्छौ कि त्यो लिन्छौ.

पद—रातो कि कालो मन पर्दछ. कालो र सेते गए. धीटो पनि बाठो पनि छ.

[४] विस्मयादिबोधक.

विस्मयादिबोधक अव्यय कहीं वाक्य भित्र कहीं बाहिर पनि रहन्छ.

धिक्कार ! तिम्रो बुद्धि कस्तो रहेछ. यो किताप ओहो ! कति राम्रो छ. कहीं देवताका नाम आदि शब्द पनि शोक आदि बुझाउने हुन्छन्. राम राम ! बिगार भयो. हरे शिव ! कति थोरै दिन्छौ. शिवशिव ! पोखिएछ.

प्रश्नः—

क्रियायोगी अव्यय कति किसिमका हुन्छन्. कुन कुन नागयोगीले कुन विभक्तिको काम दिन्छन्. सापेक्षयोजक र निरपेक्षयोजक कस्ता कस्ता हुन्छन्. तल लेखेका वाक्यमा परेका अव्ययहरू छुट्याऊ—

छिः कस्तो फोहोर छ यिनी चांडो पनि राम्रो पनि लेख्तछन्. हुन त यो बेस छ तर महंगो छ. मसित माग. फटाफट आएर थचक्क बस्यो. खान जा.

१६—उद्देश्य र विधेयको विस्तार.

वाक्यको उद्देश्यभागमा घेरै पद भए एउटाचाहीं मुख्य उद्देश्य हुन्छ. त्यो प्रथमान्त नाम वा सर्वनाम हुन्छ. अरु त्यस पट्टि मिल्न आउंने उद्देश्यविशेषण भेदक आदि त्यसैलाई बढाउने हुनाले उद्देश्यविस्तार हुन्छन्. जस्तै :—

उद्देश्यविस्तार.	उद्देश्य.	विधेय.
रामुका	छोरा	पढ्दछन्.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालो बल्लियो	कोट	मनपर्छ.
दशरथका जेठा छोरा	राम	थिए.

वाक्यको विधेयभागमा घेरै पद भए एउटाचाहीं मुख्य विधेय हुन्छ. त्यो क्रियापद हुन्छ. अरु त्यसपट्टि मिल्ने क्रियायोगीअव्यय अरु कारक विधेयविशेषण आदि त्यसैलाई बढाउने हुनाले **विधेयविस्तार** हुन्छन्. जस्तै :—

उद्देश्य.	विधेयविस्तार.	विधेय.
मृग	उफ्रेर वनमा	दौडन्छ.
राम	अयोध्याका प्रतापी राजा	हुन्.
मैले	बहुतै श्रमगरी काव्य	पढें.

मुख्य उद्देश्य र मुख्य विधेय सबै वाक्यमा हुन्छन्. तिनका विस्तार कहीं हुन्छन्, कहीं हुंदैनन्. विस्तार समेतको वा सो नभएको मुख्य उद्देश्य **उद्देश्यभाग**, विस्तार समेतको वा सो नभएको मुख्य विधेय **विधेयभाग** हुन्छ. जस्तै :—

उद्देश्यभाग.		विधेयभाग.	
उद्देश्यविस्तार	उद्देश्य	विधेयविस्तार	विधेय.
यो	विद्यार्थी	बहुतै परिश्रमी	छ.
हरियो	रङ्गले	आँखालाई फायदा	गर्दछ.
	सीता	रामकी पियारी	थिइन्.
शत्रुको तीखो	वचन		बिझ्दछ.

कहीं मौका अनुसार नभने पनि बुझिने भएमा उद्देश्य वा विधेय गुप्त (दबिएको) पनि हुन्छ. त्यस्तामा नभने पनि भित्रबाट बुझिन्छ. जस्तै :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ० गुप्त—(तिमी) कहाँ जान्छौ. (मैले) पुराण वाचें. तिमी के गर्छौ. (म) पढ्छु.

वि० गुप्त—यो रातो (छ). के खान्छौ. लड्डू (खान्छु). सीता रामकी पत्नी (हुन्).

प्रश्न—

उद्देश्यभाग विधेयभागमा के के हुन्छन्. उद्देश्यविस्तार विधेयविस्तार भनेका के के हुन्. तलका वाक्यमा उद्देश्य विधेय तिनका विस्तार छुट्याऊ उद्देश्य विधेय गुप्त भए सो पनि बताऊ—

आँप मीठो हुन्छ. रातो पुस्तक टूलो दराजमा छ. सदै ईश्वरको भजन गर यो कस्तो राम्रो. गाईलाई हरियो घाँस खान देऊ. गाईले बहुतै मीठो रस हामीलाई दिन्छिन्. तिनको घोडा बलियो छ.

१७—वाक्यको भेद.

वाक्य केही स्वतन्त्र (एक्ला), कोही मिलित (जोडिएका) हुन्छन्.

स्वतन्त्र—साँचो बोल्ने मानिसलाई सज्जनहरू निको मान्दछन्.

मिलित—हिमालय सबै भन्दा अग्लो छ भनि जान्नेहरू भन्दछन्.

मिलित वाक्य कोही मिश्र अर्थात् अङ्ग अङ्गी (अमुख्य मुख्य) भई मिलेका, कोही समान (बराबर) भई जोडिएका हुन्छन्.

मिश्र— **अमुख्य.** **मुख्य.**

जो भनेको मान्दछ—त्यसलाई सबै निको गर्द छन्.

जसले वेसरी श्रमगर्छ—त्यो परीक्षामा पास हुन्छ.

संयुक्त—

काल्ले पनि निस्क्यो—सेते पनि आयो.

काव्य पढ्छौ कि—गणित पढ्छौ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिश्र वाक्यमा नाम विशेषण अव्यय जस्तो भई अर्को वाक्यमा जोडिन जाने वाक्य अङ्ग (अप्रमुख्य) हुन्छ, जसमा जोडिन जान्छ त्यो वाक्य अङ्गी [मुख्य] हुन्छ.

	अङ्ग.	अङ्गी.
नाम—	तिमी संदै खेलिरहन्छौ—	यो कुरा वेस होइन.
	म खाँडै जान्छु—	भनि रामले भने.
विशे—	जसलाई मैले भनें थें—	उसले वेस काम गरयो.
	जुन राम्रो लाग्दछ—	त्योचाहीं तिमी लेऊ.
अव्यय-	जहिले तिमी बोलाउला—	उहिले म आउंनेछु.
	तिमीले गाली गरयौ—	भने त्यो वस्नेछैन.

संयुक्तवाक्यमा दुवै वाक्य समान भएर अव्ययद्वारूले जोडिएका हुन्छन्.

घाम पनि लागेको छ— पानी पनि परिरहेको छ.
सभामा राम्रो कुरा बोल— कि चुप लागेर बस.

प्रश्नः—

वाक्य कति किसिनका हुन्छन्. स्वतन्त्र मिश्र संयुक्त भनेका कस्ता कस्ता हुन्. मिश्रमा र संयुक्तमा कस्ता जोडिन्छन्. तलका वाक्य कस्ता हुन् छुट्याऊ.

जो बडाको उपदेश लिंदैन त्यो दुःख पाउंछ. काम भयो कि भन्न. चराहरू मीठो बोली बोल्दछन्. त्यसले जे भन्दछ त्यो म बुझिन. त्यसले म गर्न शक्तिन भनि भन्यो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८—लेख र चिन्ह.

वाक्यहरू लेख्ता पद वाक्यहरू छुट्टिने गरी ठाउं ठाउं मा दिनुपर्ने चिन्हहरू पनि दिई शुद्ध लेख्नुपर्द छ.

चिन्हहरू यस्ता छन्:—

, **पादविराम चिन्ह.** यो समान पदहरू बुझाउंदा दिइन्छ.

; **अर्द्धविराम चिन्ह.** यो सापेक्षवाक्य छुट्याउंदा दिइन्छ.

. वा । **पूर्णविराम चिन्ह.** यो वाक्य पूर्ण भएमा दिइन्छ.

? **प्रश्न चिन्ह.** यो प्रश्न बुझाउंदा दिइन्छ.

! **उद्गार चिन्ह.** यो सम्बोधन आदि उद्गार बुझाउंदा दिइन्छ.

' ' **अवतरण चिन्ह.** यो कुनै विशेष वर्ण पद वाक्यहरू देखाउंदा दिइन्छ.

\- **अंश चिन्ह.** यो अवयवको जोड बुझाउंदा दिइन्छ. जस्तै :-

हे परमेश्वर ! हजुरको दया-दृष्टि हामी माथि कहिल्यै न छुटोस्. हजुरदेखि विमुख भए कसलाई असल होला ? हजुरमा अटल विश्वास, दृढ भक्ति रहिरहोस्; जेले हाम्रो अनन्त कल्याण छ.

इति शुभम्

Acc. 695/418

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूचना

लघुचन्द्रिका [नेपाली भाषाको लघुव्याकरण] मोरु	। ५०
मध्यचन्द्रिका [" मध्यम "]	१ । ७५
अनुवाद चन्द्रिका प्रथम प्रकाश	। ५०
" द्वितीय प्रकाश	। ७५
" तृतीय प्रकाश	१ । २५
" चतुर्थ प्रकाश	। ८०
आदर्शराघव [नेपाली महाकाव्य]	२ ।

पुस्तक पाइने पत्ता–

साहु महावीर चिनेयामान मखनटोल नेपाल ।
साहु रामदास तसवीर पसल भोटाहिटी "
साहु मानदास चित्रधर असनटोल "

मुद्रक—सरस्वती प्रेस नरदेवी नेटपाचो, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu